वर्ष : २०, अंक : १६, काठमाडौं, २०८१ भाद्र १४ गते शुक्रबार, 30 August, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## मुसहर समुदायको समस्याबारे मुख्यमन्त्री सिंहको चासो



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले मंगलबार साँझ धनुषा जिल्लाको विदेह नगरपालिकास्थित वैदेही स्कुल टोलको मुसहर बस्ती पुगी त्यहाँका बासिन्दासँग समसदायका समस्याबारे छलफल गरेका छन् ।

महिनामा एकपटक एक दलित बस्ती अवलोकन गरी त्यहाँका विकास निर्माण, शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जन लगायत समस्याका बारेमा स्थानीयसँग कुराकानी गर्ने कार्यक्रमअनुसार मुख्यमन्त्री सिँह वैदेही स्कुल टोलको मुसहर बस्ती पुगेका हुन् ।

बस्तीमा पुगेर मुख्यमन्त्री सिँहले महिला, बालबालिका, युवा तथा वृद्धसँग उनीहरूका समस्याका बारेमा जानकारी लिएका छन् ।

बस्तीका विभिन्न घरका दैलौमै बसेर उनले मुसहर समुदायका बालबच्चाको पढाइलेखाइ, स्वास्थ्योपचारका व्यवस्था, सरसफाइ, आयआर्जनका कामसँगै बानीव्यवहारका बारेमा सवालजबाफ गरेका थिए ।

मुख्यमन्त्री सिँहले सङ्घीयताका कारण जनप्रतिनिधिका रूपमा स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व भएको भन्दै सङ्घीयता संस्थागत गर्ने जिम्मेवारी सबै समुदायका जनताको रहेको समेत बताए ।

बनिबुतो गरेर जीविकोपार्जन गर्ने मुसहर समुदायका अधिकांश पुरुष रोजगारका लागि भारत जाने गर्छन् भने गाउँमा भएका पुरुष पनि खेतीहर मजदुरका रूपमा काम गर्छन् । यस समुदायका महिलासमेत आआर्जनका लागि कृषिसम्बद्ध श्रम गर्ने गर्छन् ।

आयआर्जनका दृष्टिले लत्ताकपडा र छाक टार्न समस्या नरहे पनि यस समुदायका पुरुषमा जाँडरक्सीको लत रहेकाले उनीहरूले आम्दानीको ठूलो हिस्सा गुम्ने गरेको गुनासो मुसहर समुदायका महिलाले मुख्यमन्त्री सिँहसँग गरेका थिए । त्यसको उत्तरमा मुख्यमन्त्री सिँहले यसमा सुधार ल्याउन समुदायबाट समेत पहल हुनुपर्ने बताए ।

मुख्यमन्त्री सिँहले गत दुई दशकमा अन्य समुदायमा परिवर्तन आए पनि मुसहर समुदायमा त्यस्तो हुन नसकेको भन्दै मुसहर बस्तीका बच्चाको शिक्षामा पहुँच सुनिश्चित गर्न राज्य र समुदाय दुवै स्तरबाट पहल हुनुपर्ने बताए । उनले कम उमेरमा छोरीको बिहा नगरी लेखपढ गराएर मात्र बिहाबारी गर्न मुसहर महिलालाई सुझाए ।

मुख्यमन्त्री सिँहले बस्तीका महिलालाई भने, 'बच्चालाई घाँसदाउरा र मेलापात गराउने, वस्तुभाउका हेरालु बनाउने र अन्य घरका कामकाज गराउनेतिर नलाग्नुस्, सधैँ स्कुल पठाउनुस्, स्कुलबाट फर्कँदा घरमा पढोस् भन्ने कुरामा जोड गर्नुस् । समुदायको मुहार आफसेआफ फेरिन्छ ।'

बस्ती भ्रमणक्रममा मदिरा बिक्रीवितरण हुने रक्सी पसलअघि पुगेका मुख्यमन्त्री सिँहले रक्सीका कारण समाज बन्न नसकेको भनेपछि बिक्रीका लागि भुइँमा फिजाएर राखिएका रक्सीका बोतल पसले तत्काल थान्कोमुन्को लगाएका थिए ।

उनले जाँडरक्सी सेवन गर्ने समुदायका पुरुषलाई लक्षित गर्दै 'साँझको अफिस' बन्द गर्न आग्रह गरे । उनले त्यसो भनेपछि दुःख गरेर कामएको पैसाबाट दिनहुँ रक्सी खानेहरूका बारेमा समुदायका महिला समेतले मदिरापानलाई साँझको अफिस भन्न थालेका थिए ।

स्थानीयका अनुसार जिल्लाकै दलित समुदायमा मुख्यमन्त्री पुगेको भने पहिलोपटक हो ।

## कमला पुल निर्माण तत्काल सुरू गर्ने सहमति



जनकपुरधाम । कमला नदीमा नयाँ कमला पुल निर्माण संघर्ष समिति र मधेश प्रदेश सरकारबीच चार बुँदे सहमति भएको छ । हुलाकी राजमार्ग अन्तर्गत सिरहा र धनुषालाई जोड्ने कमला नदीमा नयाँ कमला पुल निर्माणको माग गर्दै १० जना युवाहरु मंगलबारदेखि आमरण अनसनमा बसेका थिए । आन्दोलनकारी पक्ष र मधेश सरकारबीच चार बुँदे सहमति भएपछि समितिले आफ्नो आन्दोलन स्थगन गरेको हो ।

समितिका प्रतिनिधि र मधेश प्रदेश सरकारका बीचमा भएको वार्तामा नयाँ कमला पुलको निर्माण कार्य तत्काल सुरु गरिने सहमति भएको छ।

प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेटमा संघ सरकारमार्फत आवश्यक बजेटको व्यवस्था गर्ने प्रयास गर्ने र संघ सरकारबाट बजेट उपलब्ध नगरिएमा, सम्पूर्ण खर्च मधेश प्रदेश सरकारकै श्रोतबाट व्यवस्था गरिने सहमति भएको छ।

यसबाहेक, पुल निर्माणका लागि आवश्यक डिटेल प्रोजेक्ट रिपोर्ट (डीपीआर) तयार पार्न २०८१ मंसिर १ भित्र बोलपत्र आह्वान गरिने सहमति भएको छ ।

सहमति पत्रमा मुख्यमन्त्री सतिशकुमार सिंह र संघर्ष समितिका संयोजक इन्जिनियर प्रविण यादवले हस्ताक्षर गरेका छन् ।

## धनुषाका सिडिओ कडरियाको चर्तीकला !

जनकपुरधाम । धनुषाका सरकारी कार्यालयहरुको बेतिथी यस्तो छ कि, एकजना सेवाग्राही जग्गा रजिस्ट्री गर्ने अदालतको आदेश लिएर ७ महिनादेखि दैनिक रुपमा मालपोत कार्यालय, जनकपुरधाम जान्छन् । मुद्दा फांटदेखि हाकिमसँग भेट्छन् अनि भोलि आउनु, अर्को हप्ता आउनु, कर्मचारी आएको छैन, हेर्दै छु जस्तो जवाफ सुनेर सर्वसाधारण दिक्क भएपछि पत्रकार, समाजिक कार्यकर्तादेखि नेतासम्म गुहार्न पुग्छन् ।

यसै क्रममा सर्वसाधारण आफ्नो गुनासो लिएर राष्ट्रिय मुक्ति क्रान्तिका नेता राजीव झा कहाँ पनि जान्छन् । नेता झासँग पनि मालपोत हाकिम बिष्णु प्रसाद सिटौलाको कुरा हुन्छ, हुने काम हो भने गर्दिनु हुने होइन भने फाइल फिर्ता पठाइदिनु, यसरी दैनिक दौडाउन हुँदैन, घुस नदिकन काम नहुने हो ? भन्ने जानकारी दिन धनुषाको प्रमुख जिल्ला अधिकारीलाई दिन खोज्दा प्र.जि.अ.को फोन उठ्दैन ।

केही छिन पछि मालपोत हाकिमलाई फोन गर्दा म काम पनि गर्दिन केही लेखेर पनि दिन्न, तपाईं सक्नु हुन्छ भने मेरो सरुवा गराइदिनुस् भन्ने रुखो जवाफ दिन्छन् ।

अनि नेता झाले सरुवा गर्ने निकाय म होइन सेवाग्राहीको काम गर्नुस् भन्दा, प्रमुख जिल्ला अधिकारी कहाँ पुगि मलाइ नेता झाले धम्काए भन्न पुग्छन्।

प्रमुख जिल्ला अधिकारीले सेवा प्रदायकको मात्र एकतर्फी कुरा सुनेर नेता झालाई फोन गरेरै धम्काउँछन्, तपाईंलाई २४ घन्टा भित्रा थुन्दिन्छु भन्दै तथानाम गाली गर्छन् ।

जिल्लाका प्रमुख प्रशासकीय अधिकारीको रुपमा रहेका धनुषाका प्र.जि.अ रामुराज कडरीयाले सेवाग्राहीको पीरमर्का सुन्नुको सट्टा जिल्लाभरिबाट अवैध रकम असुल गर्ने एजेन्टको रुपमा काम गरि प्र.जि.अ. पदको गरिमा नै घटाइदिएका छन् ।

सिडियोले सेवाग्राहीको काम नगर्ने कार्यालय प्रमुखलाई कारवाहीको सिफारिश गर्नुको सट्टा एक प्रतिष्ठित राजनीतिकर्मीलाई धम्क्याउनु र २४ घन्टाभित्र थुनिदिन्छु, तपाईं काठमाडौंमै भए काठमाडौंबाटै ल्याएर थुन्छु भन्नु गैरमर्यादित सिडियोबाट शक्तिको दुरुपयोग गर्ने र मानव अधिकार उल्लंघन गर्ने कुचेष्टा देखिन आयो ।

मधेश प्रदेशको राजधानीसमेत रहेको धनुषा जस्तो जिल्लामा परिपक्व प्र.जि.अ. को खटन हुन र अत्यन्तै निकृष्ट व्यवहारमा बारम्बार उत्रिरहने निज प्र.जि.अ. रामुराज कडरिया उपर यस घटना समेत बारे तत्काल छानवीन गरि कानुनी कार्वाइ हुनु पर्छ ।

केही दिन अगाडि सिडियोले मौखिक आदेशमा विशुद्ध सामाजिक भाव राख्ने क्लोथ बैंकको कार्यालय खाली गर्न भनेको र नमानेकोले नेता झामाथी सिडोयोले दुराग्रह राखेको स्थानीयहरुको बुझाई छ ।

मालपोतका "काम बाँकी" फायलहरुको समेत तत्काल छानवीन गरि विचौलियाबेगर काम नहुने प्रवृत्तिलाई निरुत्साहित नगरिए सेवाग्राहीहरु क्षण भरमै आन्दोलित हुने अवस्था धनुषामा विद्यमान छ ।

## सीके राउतको आत्मकथा 'वैरागदेखि बचावसम्म'को तेस्रो संस्करण लोकार्पण




काठमाडौं । जनमत पार्टीका अध्यक्ष डा.सीके राउतको आत्मकथा 'वैरागदेखि बचावसम्म'को तेस्रो संस्करण लोकार्पण भएको छ ।

शुक्रबार राजधानीमा आयोजिक एक कार्यक्रममाबीच पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई र डा.राउतले संयुक्तरुपमा लोकार्पण गरेका हुन् ।

काठमाडौंमा मधेशीप्रति हुने भेदभाव विगतमा कस्तो थियो भन्ने पुस्तकमा रहेको डा.राउतले बताए ।

## टीकापुर घटनालाई संक्रमणकालीन न्यायमा सम्बोधन गरिनुपर्ने नाउपाको माग




काठमाडौं । नागरिक उन्मुक्ति पार्टी, बागमती प्रदेश समितिले टीकापुर हत्याकाण्ड सम्बन्धमा छानविन गर्न बनेको लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकारसमक्ष आग्रह गरेको छ । शुक्रबार टीकापुर हत्याकाण्ड भएको ९ वर्षको अवसरमा रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन आयोजना गरी नाउपा बागमती प्रदेश समितिले उक्त प्रतिवेदन सार्वजनिक नाउपालाई उन्मुक्ति दिन माग गरेको हो ।

नाउपा बागमती प्रदेश समिति उपाध्यक्ष राजेश्वर दास श्रेष्ठले सरकारले राजनीतिक घटनालाई अपराधीकरण गरेको बताए । 'राजनीतिक घटनालाई सरकारले अपराधीकरण गरी प्रस्तुत गर्यो । त्यसको पीडा हामीसँग छ,'- उनले भने । टीकापुर घटनाको वास्तविकता बाहिर ल्याउनका लागि लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने उनको माग छ । उनले टीकापुर हत्याकाण्डलाई 'राज्यद्वारा घटाइएको बर्वतापूर्ण घटना' को संज्ञा दिए ।

## दैनिक खाद्य वस्तुहरू सहज र सरल आपूर्तिको व्यवस्था गर्न सरकारलाई निर्देशन



काठमाडौं । प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले चाडपर्व लक्षित गरी अत्यावश्यक दैनिक खाद्य वस्तुहरूको सहज र सरल आपूर्तिको व्यवस्था गर्न सरकारलाई निर्देशन दिएको छ ।

सिंहदरबारमा शुक्रबार बसेको समितिको बैठकले चाडपर्वमा हुन सक्ने कालोबजारी र कृतिम अभावलाई रोक्दै अत्यावश्यक दैनिक खाद्य वस्तुहरूको सहज र सरल आपूर्तिको व्यवस्था गर्न सरकारलाई निर्देशन दिएको हो । त्यस्तै अस्वाभाविक मूल्यवृद्धिलाई रोक्न मन्त्रालय र मातहतबाट हुने गरेको बजार अनुगमनलाई प्रभावकारी बनाउँदै सुपथ मूल्य पसलहरूको विस्तार गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको समिति सभापति अब्दुल खानले जानकारी दिएका छन् ।

समितिले देशका विभिन्न स्थानमा गरेको अनुगमनका क्रममा तीनै तहका सरकारबीच समन्वय नदेखिएकाले अनुगमनसम्बन्धी कार्यमा तीन तहको सरकारबीच समन्वयका लागि आवश्यक कानुन, जनशक्ति र बजेट लगायतको विस्तृत कार्ययोजना तयार गरि समितिमा पेस गर्न पनि निर्देशन दिएको उनले बताए ।

त्यस्तै बैठकले अनुगमनलाई प्रभावकारी बनाउनका लागि अहिले देखिएका समस्या समाधानको उपायसहितको जानकारी समितिलाई गराउन निर्देशन दिएको सभापति खानले जानकारी दिए ।

बैठकमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले मुलुकको बजार प्रभावित हुनसक्ने कारणप्रति सरकार सजक रहेको भन्दै सहज रूपमा आपूर्ति गर्नका लागि सरकार गम्भीर रहेको बताए । उनले अहिले ६ महिनालाई पुग्ने खाद्यान्न मौज्दात रहेको जानकारी दिए ।

## सम्पादकीय

# कृषिमा आधारित किसानको जीवनचक्र

नेपालको आधी जनसंख्या ओगटेको र आधी भन्दा बढी कृषिको भूभाग रहेको मधेशलाई नेपालको ‘अन्न भण्डार’ भनिन्छ । मधेश अन्न भण्डार भएकै कारण नेपाललाई कृषि प्रधान देश भनेर चिनारी दिएको छ । नेपालको जम्मा कृषिभूमिको ५७.६ प्रतिशत भाग मधेशमा पर्छ भने पहाडमा ३९.०१ प्रतिशत र हिमालमा ८.०३ प्रतिशत छ । राष्ट्रिय कृषि तथ्याँकले (एन० सी० ए० २००१) देखाएको छ । यसै तथ्याँक अनुसार मधेशमा कृषि योग्य भूमि लगभग १३, ९६, ६०७ हेक्टर छ । यसमा सिंचित क्षेत्र ६३, २८० हेक्टर देखाएको छ । यो ५ प्रतिशत भन्दा तल रहेको छ । मधेशमा सिंचाईको सम्भावना हुँदा हुँदै पनि सरकारको उदासीनता सधैं कायम रहेकोले मधेशका किसान वर्षाको भरमा र सिंचाईको वैकल्पिक व्यवस्था ( ट्युबवेल, पम्पसेट आदि) गरेर परम्परागत शैलीको कृषि गर्न बाध्य छन् । नेपालको मुख्य आर्थिक स्रोत कृषि, राजस्व, वन र उद्योग सबै मधेशमा नै रहेकोले पनि मधेश आर्थिक दयनीयता भोग्नु उसको नियती बनेको छ । कृषि उत्थानका लागि खोलिएको कृषि विकास बैंकको चर्को ब्याजले कृषिलाई असफल व्यापारको रूपमा परिणत गरेको छ। कृषिपेशा किसानका लागि बाध्यतात्मक पेशा बनेको छ । बैंकको चर्को ब्याज, महगो दरमा मल खरीद, सिंचाईको अभाव, कम उत्पादन र बजारको न्यूनतम मूल्य, यही हो कृषिमा आधारित किसानको जीवनचक्र ! कृषि व्यवसायको यस्तो चित्रले किसानको भविष्य अन्धकारमय बनेको छ । आर्थिक रूपले उ तल झर्दै भूमहीन अवस्थामा पुग्दै छन् ।

बोर्डर पारि बिहारका किसान नेपालका किसानभन्दा बेहतर अवस्थामा छन् । त्यहाँका किसानलाई सरकारले डीप बोरिङ, सस्तो दरमा मल बीउ, निःशुल्क पम्पसेट, सबसिटी लोन आदि उपलब्ध गराएर कृषिमा धेरै प्रोत्साहन गरेको छ । तर यहाँ कृषिको नाममा अनेक व्यापारीहरू उत्पादन खोस्न र किसानलाई रित्तै पार्न उपस्थित रहन्छन् ।

केन्द्रस्तरमा कृषि विकास कार्यक्रम बिषयक सेमिनार, गोष्ठी, तालिम, अनेक कृषि निकायहरू खडा गरेर विपुल धनको अपव्यय गरिन्छ । सरकारले क्रान्तिकारी भाषणमा वैज्ञानिक भूमि सुधार, वैज्ञानिक कृषि प्रणाली, भू-उपयोगको नीति, सहकारी कृषि, कृषिको औद्योगिकीकरण, कृषि उत्पादकत्व बढाउने नीति, कृषि उत्पादकत्व भण्डारण र बजार व्यवस्थापन आदि जस्ता कुरा गरेर विदेशी आर्थिक सहयोग प्राप्त गर्नु मनासिव हो तर कृषिको पुरातन शैलीमा किंचित परिवर्तन नगरी आर्थिक दुरूपयोग गर्नु अन्याय नै हो ।

# बालअधिकार : हामी कहाँ छौं ?



पुनिता कुमारी साह

बालअधिकार कार्यान्वयनमा मद्दत गर्न, सरकारले विभिन्न कार्यक्रमहरू ल्याएको छ, जस्तै, सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुधार गर्ने लक्ष्य राखेको विद्यालय क्षेत्र विकास योजना (एसएसडीपी), देशभरका बालबालिकालाई आवश्यक खोप उपलब्ध गराउने राष्ट्रिय खोप कार्यक्रम (एनआईपी), आदि ।

बालअधिकार भन्नाले बालबालिकाको मानव अधिकार र उनीहरूको विशेष संरक्षण भन्ने बुझिन्छ। यी अधिकारले बालबालिकाको जीवन, विकास, सुरक्षा लगायत जीवनका सबै पक्षलाई समेट्छ। बालअधिकार अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त अधिकारहरू हुन्। बालअधिकारले बालबालिकाको पालन-पोषण, हेरचाह, संरक्षण, र जिम्मेवार वयस्क बन्न चाहिने अवसरहरू सुनिश्चित गर्दछ।

**के हो बालअधिकार ?**

बालअधिकार भन्नाले सबै बालबालिकाले अपभोग गर्ने आधारभूत अधिकार र स्वतन्त्रता हो। बालबालिकाको राष्ट्रियता, जाति, धर्म, वा आर्थिक अवस्था आदि कुनै पनि आधारमा ती अधिकारको उपभोगमा फरक पार्दैन। यी अधिकारमा जीवनको अधिकार, स्वास्थ्य, शिक्षा, पारिवारिक जीवन, खेलकूद, मनोरञ्जन, स्तरीय जीवन यापन तथा कुनै पनि प्रकारका नोक्सानीबाट सुरक्षा पाउने अधिकार समावेश हुन्छन्। बालअधिकारको अवधारणा बालबालिकाको शारीरिक र मानसिक अपरिपक्वताका कारण



विशेष सुरक्षा र हेरचाहको आवश्यकतालाई मान्यता दिने जगमा आधारित छ।

**बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनी व्यवस्था**

बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न अन्तर्राष्ट्रिय कानूनी व्यवस्था छन्। सन् १९८९ को संयुक्त राष्ट्र बाल अधिकार महासन्धि (युएनसीआरसी) सबैभन्दा महत्वपूर्ण कानूनी दस्तावेज हो। १९६ देश हस्ताक्षरकर्ता रहेको यो सन्धि इतिहासमा सबैभन्दा धेरै देशहरूले अनुमोदन गरेको मानव अधिकार सम्बन्धी सन्धि हो। यो सन्धिले बालबालिकाको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, र सांस्कृतिक अधिकारहरू परिभाषित गरेको छ, र बालबालिकाको सर्वोत्तम हित तथा भेदभावरहित जीवनको अधिकार सुनिश्चित गरेको छ।

युएनसीआरसी भन्दा पहिले, बालबालिकाका अधिकारलाई मान्यता दिने पहिलो अन्तर्राष्ट्रिय दस्तावेज १९२४ को जेनेभा बालअधिकार घोषणापत्र हो। त्यसपछि, १९५९ मा बालअधिकार घोषणापत्र पारित भयो। युएनसीआरसीका साथै, अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को बाल श्रम सम्बन्धी महासन्धिको दफा नं. १८२ र युएनसीआरसीका वैकल्पिक प्रोटोकलहरूले बाल तस्करी, बाल वेश्यावृत्ति, र सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता लगायत पक्ष समेटेका छन्।

**बालअधिकारको स्थिति**

विश्वव्यापी रूपमा, बालबालिकाको अवस्था सुधारका दिशामा केही महत्वपूर्ण प्रगति भएको छ। युएनसीआरसी र अन्य अन्तर्राष्ट्रिय सम्झौताको कार्यान्वयनले लाखौं बालबालिकालाई शिक्षा, स्वास्थ्य सेवा, र शोषणबाट सुरक्षा प्रदान गरेको छ। तथापि, चुनौतीहरू अझै बाँकी छन्, विशेष गरी द्वन्द्वग्रस्त क्षेत्रहरू र प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्रहरूमा। बाल श्रम, बाल विवाह, तस्करी, र बालबालिका विरूद्ध हिंसा जस्ता मुद्दाले अझै पनि लाखौं बालबालिकालाई प्रभावित गरिरहेका छन्।

संयुक्त राज्य अमेरिका जस्ता विकसित देशहरूमा बालअधिकार सामान्यतः निक्कै सुरक्षित मानिन्छन्, जसमा शिक्षा, स्वास्थ्य सेवा, र बाल कल्याणका लागि व्यवस्थित प्रणाली छन्। तर विडम्बना, संयुक्त राज्य अमेरिका युएनसीआरसी अनुमोदन नगर्ने विश्वका केही देशहरूमध्ये एक हो। तर पनि, अमेरिकी कानूनहरू युएनसीआरसीका धेरै प्रावधान सँग मेल खान्छन्, जसले बालबालिकालाई आवश्यक सेवा र सुरक्षा सुनिश्चित गरेको छ। तर पनि बाल गरिबी, गुणस्तरीय शिक्षामा पहुँच, र प्रणालीगत् असमानता जस्ता मुद्दाहरू अझै चुनौतीकै रूपमा कायम छन्।

एशिया र अफ्रिकाका अल्पविकसित देशहरूमा बालिअधिकारको स्थिति अझै जटिल छ। गरिबी, पूर्वाधारको अभाव, राजनीतिक अस्थिरता, र सीमित स्रोतहरूका कारण यी देशहरूमा बालबालिकाका अधिकार सुनिश्चित गर्न अनेक कठिनाइ भोग्नु परेको छ। उदाहरणका लागि, नेपालमा बाल श्रम, बाल विवाह, र गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा पहुँचको कमी अझै पनि मुख्य चुनौती छन्।

**नेपालमा बाल शिक्षा तथा बाल स्वास्थ्य**

शिक्षा प्रत्येक बालबालिकाको मौलिक अधिकार हो। तर नेपालमा अझै पनि धेरै बालबालिकाले गुणस्तरीय शिक्षामा पहुँच पाएका छैनन्। सन् २०२१ को राष्ट्रिय जनगणना अनुसार, ५ देखि ९ वर्षका बालबालिकाको साक्षरता दर ८५.८ प्रतिशत छ भने १० देखि १४ वर्षका बालबालिकाको साक्षरता दर ९५.६ प्रतिशत छ। यी सकारात्मक सुधार भए पनि, ग्रामीण क्षेत्रमा विद्यालयहरूमा स्रोतको अभाव र सीमित पहुँच जस्ता चुनौती बाँकी छन्।

नेपाल शिक्षा तथ्याङ्क, २०२२ का अनुसार, कक्षा १ को भर्ना दर करिब ९५ प्रतिशत छ, तर विद्यार्थीहरू माथिल्लो कक्षामा पुग्ने बेला सम्म पढाइ छाड्ने दर बढ्दै जान्छ। कक्षा १० सम्म पुग्दा, भर्ना दर करिब ६० प्रतिशतमा झर्छ। यी तथ्याङ्कले बालबालिकाले माध्यमिक शिक्षा पूरा गर्नु अघि स्कूल छोड्ने गम्भीर स्थिति देखाउँछन्। यो उच्च 'ड्रपआउट' दर सरकारका लागि ठूलो चिन्ताको विषय बनेको छ।

नेपालमा बालबालिकाको स्वास्थ्य स्थितिमा विगतका वर्षहरूका तुलनामा सुधार भएको छ। तर अझै धेरै चुनौतीहरू कायम छन्। २०२२ को नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण अनुसार, पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर १,००० जीवित जन्ममा २८ मा झरेको छ। अघिल्लो दशकहरूको दाँजोमा यो महत्वपूर्ण प्रगति हो। तथापि, कुपोषण अझै पनि गम्भीर समस्याका रूपमा छँदैछ। विशेष गरी ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच सीमित छ, र कतिपय बालबालिकाले आवश्यक खोप र चिकित्सा सेवा पाउन सकेका छैनन्।

**बालअधिकार सम्बन्धी नेपाल सरकारका नीति र कार्यक्रम**

नेपाल सरकारले बालअधिकार संरक्षण र प्रवर्द्धनका लागि विभिन्न नीति तथा कार्यक्रमहरू लागू गरेको छ। बाल अधिकार ऐन २०१८ ले युएनसीआरसीसँग मेल खाने कानूनी संरचना बनाएको छ। यो ऐनले नेपालमा बालबालिकाको अधिकार संरक्षणको लागि कानूनी ढाँचाका रूपमा काम गरेको छ। यो ऐनले शिक्षा, स्वास्थ्य, शोषणबाट सुरक्षा, र सांस्कृतिक तथा सामाजिक गतिविधिमा सहभागी हुने अधिकार लगायतका विभिन्न पक्षहरू समेटेको छ।

बालअधिकार कार्यान्वयनमा मद्दत गर्न, सरकारले विभिन्न कार्यक्रमहरू ल्याएको छ, जस्तै, सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुधार गर्ने लक्ष्य राखेको विद्यालय क्षेत्र विकास योजना ( एसएसडीपी), देशभरका बालबालिकालाई आवश्यक खोप उपलब्ध गराउने राष्ट्रिय खोप कार्यक्रम (एनआईपी), आदि। बाल श्रम निषेध र विनियमन ऐन २००० पनि कार्यस्थलमा बालबालिकाको शोषणबाट सुरक्षा प्रदान गर्ने महत्वपूर्ण कानूनी व्यवस्था हो।

नीति र कार्यक्रमहरू भए पनि, यिनको वास्तविक व्यवहारमा कार्यान्वयन भने कतिपय सन्दर्भमा अपर्याप्त छ। भ्रष्टाचार, स्रोतको अभाव, र राजनीतिक अस्थिरताले बालअधिकारको प्रभावकारी कार्यान्वयनमा बाधा पुऱ्याएका छन्। ग्रामीण क्षेत्र र पिछडिएका समुदायमा धेरै बालबालिका शिक्षा, स्वास्थ्य सेवा र शोषणबाट सुरक्षा पाउन अनेक चुनौती सामना गर्नु पर्ने स्थिति कायम छ।

**बालअधिकारको संरक्षण र प्रवर्द्धनमा कहाँ चुक्दैछौ हामी ?**

नेपालको बालअधिकारको संरक्षण र प्रवर्द्धनका प्रयासहरू उत्साहजनक छन्। तर अझै पनि कतिपय कमी कमजोरी कायम छन्। नीतिहरूको प्रभावकारी कार्यान्वयनको अभाव, अपर्याप्त स्रोत, र बाल विवाह तथा बाल श्रम जस्ता परम्परागत् अभ्यासहरूको निरन्तरता प्रमुख बाधकका रूपमा छन्। विशेष गरी ग्रामीण र दूरदराजका क्षेत्रहरूमा, बालबालिकाले गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, र शोषणबाट सुरक्षामा पहुँच प्राप्त गर्न गम्भीर चुनौतीहरूको सामना गर्नु गरेको स्थिति छ।

**अबको बाटो**

बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि नेपालले थप सुधारात्मक कदमहरू उठाउन आवश्यक छ। यसका लागि नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, बालबालिका लक्षित पर्याप्त वजेट विनियोजन, र परम्परागत् नराम्रा अभ्यासहरू अन्त्य गर्न सचेतनाका कार्यक्रमहरू आक्रामक रूपमा सञ्चालन गर्नु आवश्यक छ। यसका साथै, शिक्षा, स्वास्थ्य, र सामाजिक सुरक्षाका क्षेत्रमा थप सुधार गर्न अन्तर्राष्ट्रिय सहयोग र साझेदारी पनि आवश्यक छ।

वास्तबमा बालअधिकारको संरक्षण र प्रवर्द्धन एक सतत् प्रयास हो, जसमा सरकार, गैरसरकारी संस्था, समुदाय, र अन्तर्राष्ट्रिय साझेदारहरूले मिलेर काम गर्न आवश्यक छ। बालबालिकाको सुनिश्चित भविष्यका लागि सबै पक्षहरूको प्रयास अपरिहार्य छ।

# दलहरूले समाजमा सकारात्मक परिवर्तनको नेतृत्व गर्नुपर्ने हो तर उल्टो भएको छ

**अहिलेको आवश्यकता भनेको राजनीतिक रूपले समाज सजग हुन जरूरी छ । ठिकलाई ठिक र बेठिकलाई बेठिक भन्न सक्ने युवाहरूमा साहसको आवश्यकता छ । कुनै चीज यदि गलत भइरहेको छ भने त्यसको विरोध गर्ने नैतिक साहस युवाहरूमा जरूरी छ । तर, युवाहरू पनि विस्तारै भ्रष्ट भइरहेका छन् । सानो–सानो पद, योजनाहरूको लोभमा राजनीतिज्ञहरूको पछिपछि कुद्ने, राजनीतिज्ञहरूले गरेको गलत कार्यको विरोध गर्न सक्ने नैतिक साहस नहुने । एउटा आकर्षण लिएर यदि कुनै दल आएको छ भने त्यसको कार्यशैली र व्यवहारबाट देखिनु पर्‍यो ।**



**डा.रवीन्द्र कुमार यादव**
**संस्थापक, मधेशी एकता समाज**

**० मधेशी एकता समाजको मूल उद्देश्य के हो ?**

– मूलत: मधेशी एकता समाजको स्थापना परदेशकै भूमिमा भएको हो । रोजगार, पढाई, बसोबास सराईका क्रममा नेपालबाट मधेशका व्यक्तिहरू जो परदेशमा बसेका छन्, तिनीहरूको माझ एउटा सशक्त संगठनको आवश्यकता महसुस भयो । जो गैरराजनीतिक होस् र पूर्णत: सामाजिक क्षेत्रमा कार्यरत रहोस् । जसको छातामुनि मधेशका जुनसुकै जाति, धर्म, भाषाभाषी मधेशी एक साथ बसेर मधेशको बारेमा चिन्तन गर्न सकोस् । कुनै पनि मधेशी परदेशमा समस्यामा पर्दा उसलाई मद्दत गर्न सकोस् । मधेशको संस्कृति, चाडपर्व, रितिरिवाजलाई परदेशमा पनि स्थापित गर्न पनि एउटा प्लेटफर्मको आवश्यकता थियो । त्यो प्लेटफर्मको रूपमा पनि मधेशी एकता समाज काम गरोस् । मधेशका मुद्दाहरूलाई अन्तर्राष्ट्रियस्तरमा उठाउन, अन्तर्राष्ट्रिय जगतलाई जागरूक गराउन मधेशी एकता समाजको उद्देश्य रह्यो ।

नेपालमा पनि सामाजिक क्षेत्रमा रहेर मधेशमा प्रवासी मधेशीहरूले सकारात्मक परिवर्तन कसरी ल्याउन सकिन्छ, कसरी योगदान दिन सकिन्छ भन्ने हिसावले काम गरिरहेको छ । प्रवासी मधेशीहरू रोजगारका क्रममा विदेशिएका हुन्, कुनै न कुनै दिन स्वदेश त फर्किनु नै छ । त्यति मात्र हैन, जो स्थायीरूपमा अमेरिका, युरोप जस्ता देशहरूमा बसिसकेका मधेशीहरू पनि मधेशका बारेमा चिन्तित छन् । उनीहरू पनि कुनै न कुनै किसिमबाट योगदान दिन चाहन्छन् । यी सबै योगदानलाई च्यानालाइज्ड गरेर एउटा यस्तो सशक्त संगठनको आवश्यकता थियो, त्यो भूमिकामा मधेशी एकता समाज उभिएको छ ।

**० मधेशमा सकारात्मक परिवर्तन मधेशी एकता समाजको लक्ष्य हो ?**

– मधेश मात्र नभई विश्वका जुनसुकै ठाउँमा रहेका मधेशीको जनजीवनमा सकारात्मक परिवर्तन होस् भन्ने लक्ष्य मधेशी एकता समाजको हो । विश्वका जुनसुकै ठाउँमा बसेका मधेशीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन के गर्न सकिन्छ, त्यसका लागि सामाजिक संस्थाको रूपमा केम भूमिका खेल्न सकिन्छ, त्यसका लागि मधेशी एकता समाज तत्पर छ ।

**० परिवर्तनका लागि राजनीतिक क्षेत्र मुख्य कुरा हो । मधेशको राजनीतिक अवस्थालाई कसरी हेर्दै हुनुहुन्छ ?**

– मधेशी एकता समाज भनेको पूर्णत: गैरराजनीतिक संस्था हो । निश्चितरूपमा समाजमा कुनै ठोस परिवर्तन ल्याउन राजनीतिक शक्तिहरूले भूमिका खेल्छन् । राजनीति यदि सही दिशामा गइरहेको छैन भने सामाजिक संस्थाले त्यसको आलोचना गर्न सक्नुपर्छ । सामाजिक संस्थाले कुनै पनि पक्ष नलिइकन निष्पक्षरूपमा विवेचना, आलोचना गरेर राजनीतिक शक्तिहरूलाई सही मार्गमा ल्याउन सचेत गराउने भूमिका पनि सामाजिक संस्थाकै हुन्छ ।

**० मधेशको राजनीतिक अवस्थाबाट कतिको सन्तुष्ट हुनुहुन्छ ?**

– अवश्य पनि परिवर्तन भएको छ । समाज भनेको परिवर्तनशील नै हुन्छ । विभिन्न आन्दोलनबाट क्रमिकरूपमा मधेशमा पनि परिवर्तन हुँदै आएको छ । तथापि मधेशमा जुन हिसावले परिवर्तन हुनुपर्ने हो त्यो भएको छैन । मधेशी सपुतहरूले जुन किसिमले सहादत दिएका छन्, जुन हिसावले मधेशीहरूको योगदान छ, त्यो हिसावले पूर्ण परिवर्तन अहिले पनि आइसकेको छैन । मधेशमा जुन किसिमको आशातित परिवर्तन हुनुपर्ने हो त्यो हामी हेर्न सकेका छैनौं ।

**० मधेशी दलहरूको भूमिका कस्तो देख्नुहुन्छ ?**

– मधेशी शक्तिहरूले गरेका हरेक आन्दोलनबाट केही न केही सकारात्मक उपलब्धि त प्राप्त भएकै हो । जहिले पनि मधेशले आन्दोलनबाटै कुनै अधिकार पाएको छ । मधेशमा मात्र होइन, नेपालमा पनि कुनै परिवर्तन भएको छ भने राजनीतिक आन्दोलनको बलबाट नै भएको हो । जस्तो समाज हुन्छ त्यस्तै दलहरूको पनि चरित्र हुन्छ । दलहरूले समाजमा सकारात्मक परिवर्तनको नेतृत्व गर्नुपर्ने हो तर उल्टो भएको छ । दलहरूले ठूल-ठूला राजनीतिक आन्दोलनहरू त गरे, तर प्रत्येक आन्दोलनपश्चात् समर्पण गरेका छन् ।

**० मधेशमा एउटा नयाँ वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता देखिएको हो ?**

– मधेश मात्र होइन, नेपालमै एउटा वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता छ । मधेशलाई छुट्टै राखेर हेर्न मिल्दैन । तथापि मधेशमा बढी समस्या छन् । पहाडी जिल्लाहरूमा पहिला साक्षरता कम थियो भने अहिले पूर्ण साक्षरतातर्फ गइसकेको छ । मधेशमा अझै पनि साक्षरता दर एकदमै कम छ । त्यस्तै हरेक क्षेत्रमा मधेश पछाडि रहेको छ । ऐतिहासिकरूपमा हेर्ने हो भने कुनै बेला मधेश सुसम्पन्न थियो । वैकल्पिक राजनीतिक शक्ति भनेर पनि हुँदैन । वैकल्पिक शक्तिहरू त आए तर तिनीहरूको व्यवहार पनि नयाँ देखिएन । मधेशमा आकर्षक नारा दिएर एउटा शक्ति आए तर सत्ता सम्हालेको एक महिना पनि भएको छैन तिनका नेताहरूको जीवनशैलीमा मात्र परिवर्तन भएको छ । कुनै आयस्रोत छैन तर नेताहरूले ठूलठूला महलहरू किनिसकेका छन् । मधेशका नेताहरूमा धैर्यता भन्ने चीज छैन । एउटा चुनाव जित्न पाएका छैनन्, तर ठूलठूला महलहरू खडा गर्दै हिंडेका छन् । त्यसैले नयाँ शक्ति भनेर हुँदैन ।

**० मधेशमा आकर्षक नारा दिएर उदाएका डा.सीके राउतको जनमत पार्टीलाई कसरी हेर्दै हुनुहुन्छ ? सीके राउतको पार्टी मधेशको वैकल्पिक शक्ति बन्न सक्छ ?**

– अहिलेको विद्यमान संरचनामा जुनसुकै राजनीतिक शक्ति आएपनि त्यसकै एउटा पात्र हुने हो । संरचना नफेरिएसम्म व्यक्तिको अनुहार मात्रै फेरिएर हुँदैन । यसबाट धेरै ठूलो परिवर्तन आइहाल्ला भन्ने अपेक्षा गर्न सकिँदैन । यसका लागि मधेशका युवाहरू सामाजिक रूपले चेतनशील हुन जरूरी छ । कुनै व्यक्तिमाथि म टिप्पणी गर्न चाहन्न । उहाँहरूलाई मेरो शुभकामना छ, जीवनमा सफल हुनु होस् । अहिलेको आवश्यकता भनेको राजनीतिक रूपले समाज सजग हुन जरूरी छ । ठिकलाई ठिक र बेठिकलाई बेठिक भन्न सक्ने युवाहरूमा साहसको आवश्यकता छ । कुनै चीज यदि गलत भइरहेको छ भने त्यसको विरोध गर्ने नैतिक साहस युवाहरूमा जरूरी छ । तर, युवाहरू पनि विस्तारै भ्रष्ट भइरहेका छन् । सानो-सानो पद, योजनाहरूको लोभमा राजनीतिज्ञहरूको पछिपछि कुद्ने, राजनीतिज्ञहरूले गरेको गलत कार्यको विरोध गर्न सक्ने नैतिक साहस नहुने । एउटा आकर्षण लिएर यदि कुनै दल आएको छ भने त्यसको कार्यशैली र व्यवहारबाट देखिनु पर्‍यो ।

**० डा.सीके राउत तपाइँका पूराना मित्र र कुनै बेलाका सहकर्मी पनि हुनुहुन्छ । अहिले उहाँकै पार्टीले मधेश प्रदेश सरकार चलाइरहेको छ । मधेशमा सकारात्मक परिवर्तनका लागि उहाँसँग तपाइँको कुराकानी हुन्छ कि हुँदैन ?**

– उहाँसँग मेरो अन्तिम पटक वार्तालाप भएको सन् २०१९ मार्च ८ मा हो । जुन समयमा उहाँले आत्मसमर्पण गर्नुभयो र खुल्ला राजनीतिमा आउनुभयो, त्यो मेरो अन्तिम सम्वाद थियो । तत्पश्चात उहाँसँग मेरो कुनै किसिमको कुराकानी भएको छैन । तथापि म उहाँलाई शुभकामना दिन चाहन्छु, उहाँले राम्रो गरोस् । हुन त उहाँ आफ्नो मार्गबाट विचलित हुनुभो । हजारौं युवाहरूलाई कुनै चीजको सपना देखाउनुभयो र त्यो सपनालाई तोड्नुभयो उहाँले । मधेशमा एक किसिमले घोर निराशा ल्याउन उहाँको ठूलो भूमिका छ । नेपाल सरकारसँग उहाँले सम्झौता गरेपश्चात मधेशका परिवर्तनकारी युवाहरूमा एउटा ठूलो निराशा छायो । त्यो मधेशका लागि एउटा कालो दिनको रूपमा सधैं रहनेछ । उहाँको बारेमा धेरै टिप्पणी नगरौं । यसले हामीलाई कहीं पुर्‍याउँदैन ।

हामीले अब मधेशमा सकारात्मक परिवर्तन कसरी आउँछ भन्ने कुरा गरौं । मधेशले अधिकार पाएन भने त्यसको दोषी उहाँ मात्रै होइन, सबै शक्ति त्यतिकै दोषी छन् । मधेशका सबै राजनीतिक शक्ति अब मिलेर अगाडि बढोस् भन्ने हाम्रो शुभकामना छ । हुन त अहिले कांग्रेस-एमाले गठबन्धनको सरकारले थ्रेस होल्ड बढाउने कुरा गरिरहेको छ । यदि त्यसो भयो भने मधेशका कुनै पनि दल राष्ट्रिय पार्टी बन्न सक्दैन । यिनीहरू मिल्नैपर्छ, त्यसको विकल्प छैन । तर मिलेपछि भागवण्डाको आधारमा नमिलोस्, मधेशमा परिवर्तन ल्याउनका लागि मिलोस् ।

**० कांग्रेस-एमालेले संविधान संशोधन लगायतका मुद्दालाई आधार बनाएर सरकार बनाएको छ । यही बीचमा मधेशी एकता समाजले संविधान संशोधनबारे एउटा अन्तरक्रिया कार्यक्रम पनि गर्‍यो । के निष्कर्ष निकाल्नुभयो ?**

– अचानक मध्यरातमा नेपालका दुई ठूला दल वा भनौं दुई विपरीत ध्रूवबीच सहकार्यको लागि सहमति भयो । कांग्रेस-एमाले दुई ध्रूव भनेको नेपालको स्थायी सत्ता हो । यी दुई ध्रूवबीच सात बुँदे सम्झौता भयो भनेर भनियो तर त्यसको पूर्ण विवरण अहिलेसम्म सार्वजनिक गरिएको छैन । बाहिरीरूपमा भनियो कि नेपाल संविधानमा संशोधन पनि गर्ने । यो संविधानलाई हामीले पूर्णरूपमा स्वीकार नै गरेका छैनौं । आममधेशी जनता अहिले पनि असोज ३ लाई कालो दिवसको रूपमा मनाउँछन् र घरमा ब्ल्याक आउट गर्छन् । भनेपछि मधेशका लागि यो संविधान नै पूर्ण स्वीकार्य छैन । संविधानमा भएका केही सकारात्मक कुराहरूलाई पनि संशोधन गरेर हटाउने र अझ प्रतिगामी संविधान बनाउने कुरा चर्चामा आयो । हुन त यिनीहरूले संविधान संशोधन गर्ला कि नगर्ला यो कुरा त भविष्यकै गर्भमा लुकेको छ । समानुपातिक व्यवस्थामा उनीहरूले प्रहार गर्ने उनीहरूको मूल ध्येय देखियो । जबकि राज्यको मूलधारबाट पछाडि पारिएका वर्ग समुदाय चाहन्छन् कि प्रत्यक्ष निर्वाचन प्रणाली हटाएर पूर्ण समानुपातिक निर्वाचन प्रणाली होस् । पूर्ण निर्वाचन प्रणालीबाट मात्रै पिछडिएका वर्ग, समुदायले राज्यको अंगहरूमा हिस्सेदारी पाउँछन् । समानुपातिक व्यवस्थालाई खारेज गर्ने कुराको विरोध त हुनैपर्छ । दुई ठूला दलले यस्तो कुरा गरिरहँदा कुनै पनि दलले यसको विरोध गर्न सकेका छैनन् । मधेशी दलहरूको आफ्नो स्वतन्त्र हैसियत नरहेको प्रष्ट देखियो । तिनीहरू कांग्रेस-एमालेकै पुच्छर समात्दै सत्ता भोग गरिरहेका छन् ।

मधेश आश्रित दलहरू जसपा, लोसपा, जनमत, नागरिक उन्मुक्ति पार्टीले कांग्रेस-एमालेको गठबन्धनलाई नि:शर्त समर्थन गर्‍यो । यिनीहरूले विरोध गर्ने हिम्मत देखाएनन् । त्यति मात्र होइन, यहाँका नागरिक समाजले पनि त्यसको खुलेर विरोध गर्न सकेनन् । यसले गर्दा मधेशी समाजमा एक किसिमको घोर नैराश्यता छ । त्यो नैराश्यताको बीचमा हामी प्रवासी मधेशी शक्ति अगाडि आयौं । मधेशी एकता समाजले काठमाडौंमा बौद्धिक व्यक्तित्वहरूको बीचमा एउटा अन्तरक्रिया कार्यक्रम गर्‍यो । यदि संविधान संशोधनमा समानुपातिक व्यवस्था, आरक्षणलाई खारेज गरियो भने सीमान्तकृत शक्तिहरू चुप लागेर बस्ने छैनन् भनेर स्थायी सत्तालाई चुनौती दियो ।

**० समानुपातिक र आरक्षण खारेज गर्ने खालको संशोधन भयो भने फेरि विद्रोह हुने अवस्था छ ?**

– अवश्य पनि सीमान्तकृत शक्तिहरू चुप लागेर त बस्दैनन् ।

# धोखेबाज दलहरुसँग भोट फिर्ता माग्ने अभियान चलाउने आजपाको निर्णय




काठमाडौं । आम जनता पार्टी (आजपा) ले आन्दोलन केन्द्रित नेताहरुको जिम्मेवारी बाँडफाँड गरेको छ । दुई दिनसम्म काठमाडौंको कमलादी स्थित नेपाल प्रज्ञाप्रतिष्ठानमा चलेको बैठकले सातै प्रदेशमा आउँदो ३ असोजमा संविधानको अन्त्येष्टि यात्रा निकाल्ने निर्णय समेत गरेको छ ।

लुटकारी दलाल दलतन्त्रको विरुद्धमा र शासनसत्तामा आम जनताको सहभागिताका लागि तेस्रो जनआन्दोलनको उदघोषण गरेका आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले सोही अनुसार नेताहरुको जिम्मेवारी समेत तोकेका छन् । मुलुकमा भ्रष्टाचार, अनियमितता, कुशासन, बेथिति बढ्दै गईरहेको र सरकारको नेतृत्व सहित सरकारमा भ्रष्टहरुको बाहुल्यता रहेको र त्यसलाई रोक्दै आन्दोलनमा जानुको बिकल्प नभएको निष्कर्ष बैठकले निकालेको छ ।

आजपाले ३ असोजमा सातै प्रदेशमा संविधानको अन्त्येष्टि यात्रा निकाल्ने, धोखेबाज दलहरुसंग भोट फिर्ता माग्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने, भ्रष्ट शासकहरुलाई कर बहिष्कार गर्ने, भगौडा दलालहरुको सम्पति कब्जा गरेर राज्यलाई बुझाउने, भ्रष्टाचारीलाई जनकरवाही गर्ने तथा काठमाडौंमा जारी वैदेशिक रोजगार पीडीतलाई न्याय दिलाउने संघर्ष र कबाड आन्दोलनलाई थप व्यवस्थित गर्दै तेस्रो जनान्दोलनको मजबूत आधार खडा गरी सफलताको दिशमा अगाडि बढाउने निर्णय बैठकले गरेको छ ।

'बैठकले सातै प्रदेशमा असोज ३ गते संविधानको अन्त्येष्टि यात्रा निकालने, धोखेबाज दलहरुसंग भोट फिर्ता माग्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने, भ्रष्ट शासकहरुलाई कर बहिष्कार गर्ने, भगौडा दलालहरुको सम्पति राज्यलाई बुझाउने, भ्रष्टाचारीलाई जनकरवाई गर्ने तथा काठमाडौंमा जारी वैदेशिक रोजगार पीडीतलाई न्याय दिलाउने संघर्ष र कबाड आन्दोलनलाई थप व्यवस्थित गर्दै तेस्रो जनान्दोलनको मजबूत आधार खडा गरी सफलताको दिशमा अगाडि बढाउने निर्णय गरिएको छ' बैठकपछि आजपा उपमहासचिव एवं प्रवक्ता चन्द्रभुषण साहले जारी गरेको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

'दलाल दलतन्त्रको भण्डाफोर गरौं ! जनान्दोलनको दिशामा अघि बढौं !!' भन्ने मुल नाराका साथ दुई दिनसम्म चलेको बैठकमा केन्द्रीय कमिटीका पदाधिकारी, सदस्यहरुले गम्भिररुपमा छलफल गरेका थिए । आन्दोलनको आवश्यक्ता, महत्व, रणनीति सहित समसामयिक राजनीतिकको बारेमा अध्यक्ष प्रभु साहले पेश गरेको राजनीतिक प्रतिवेदनमा चर्काचर्की बहस भएको थियो । केन्द्रीय सदस्यहरुले राखेको सुझाव समेटने गरी साहको १८ पृष्ट लामो प्रतिबेदन परिमार्जन सहित पारित भएको थियो । पार्टीले तय गरेको आगामी आन्दोलनलाई थप बलियो, व्यवस्थित बनाउँनका लागि बैठकले बिभिन्न प्रदेशको इन्चार्ज र अध्यक्षको जिम्मेवारी समेत तोको छ । प्रवक्ता साहका अनुसार कोशी प्रदेशको इन्चार्जमा बिल्टु यादव र अध्यक्षमा जुरीलाल मोचीलाई जिम्मेवारी दिइएको छ । मधेस प्रदेशमा इन्चार्ज उपेन्द्र साह र अध्यक्ष उमेश कुशवाहा, बागमतीमा इन्चार्ज ज्ञानेन्द्र तामाङ र अध्यक्षमा रमेश थपलिया, गण्डकी प्रदेशमा इन्चार्ज तिलक थापामगर र अध्यक्षमा भोजराज त्रिपाठीलाई जिम्मेवारी तोकिएको छ ।

यसैगरी लुम्बिनी प्रदेशमा इन्चार्ज त्रिभुवन साह र अध्यक्षमा नारायण पाण्डेय, कर्णाली प्रदेशमा इन्चार्ज तिलक थापा र अध्यक्षमा सागर पाण्डेय, सुदुरपश्चिम प्रदेशमा इन्चार्ज समिना हुसैन र अध्यक्षमा भिम बुढा क्षेत्री र काठमाडौं उपत्यका विशेष कमिटीको इन्चार्जमा त्रिभुवन साह र अध्यक्षमा देवी पण्डितलाई जिम्मेवारी तोकिएको छ ।

यसैगरी पार्टीको बिभिन्न महत्वपूर्ण विभागमा समेत जिम्मेवारी तोकिएको छ । विदेश विभागको इन्चार्जमा त्रिभुवन साह र अध्यक्षमा साजन जयसवाल, स्कुल विभागको इन्चार्जमा तिलक थापा मगर र अध्यक्षमा उदयचन्द्र प्रसाद, प्रचार प्रसार तथा प्रकाशन विभागको इन्चार्जमा चन्द्रभुषण साह र अध्यक्षमा मोहनजंग कार्की, महिला विभागको इन्चार्जमा कान्तिदेवी महतो र अध्यक्षमा सिमल साह, लेखा तथा अर्थ विभागको इन्चार्जमा नारायण श्रेष्ठ र अध्यक्षमा रञ्जु साहलाई जिम्मेवारी बैठकले तोकेको छ ।

'बैठकबाट पार्टी केन्द्रीय समितिलाई पूनर्गठन गरिएको छ । साथै, प्रदेश लगायतका अन्य कमिटीहरुलाई पनि पूनर्गठन गर्ने, कमिटी गठन नभएका ठाउँहरुमा कमिटी गठन गर्ने तथा जबसहरुको पूनर्गठन र राष्ट्रिय भेला एवं सम्मेलनहरुको आयोजनामार्फत हाम्रा घोषित संघर्ष एवं आन्दोलनका कार्यक्रमहरुको सफलताको आधारलाई थप सृदृढ/मजबूत गर्ने निर्णय गरिएको छ' आजपाको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

यसैगरी बैठकले विश्वस्तरमा फैलिएको आम नेपाली जनतालाई एकताबद्ध गर्न तथा पार्टीको संगठन सञ्जाललाई थप प्रभावकारी एवं विस्तार गर्न प्रवासको जिम्मेवारी समेत नेताहरुलाई तोकिएको छ ।

भारतको इन्चार्जमा विजय यादव, अध्यक्षमा केवी रावत, मलेशियाको इन्चार्जमा उमेश कुशवाहा र अध्यक्षमा जितेन्द्र यादव, खाडीमुलुकको इन्चार्जमा लालबाबु मंसुर र अध्यक्षमा जागेश्वर क्षेत्री, अष्ट्रेलियाको इन्चार्जमा तिलक थापा र अध्यक्षमा ध्रुव गौतम, अमेरिकाको इन्चार्जमा ज्ञानेन्द्र तामाङ र अध्यक्षमा सुलभ कार्कीलाई जिम्मेवारी तोकिएको छ ।

## अख्तियारको विकास विरोधी हस्तक्षेपबारे सांसद खानले गराए सरकारको ध्यानाकर्षण



काठमाडौं । प्रतिनिधिसभा सदस्य एवं जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष अब्दुल खानले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको विकास विकास विरोधी हस्तक्षेपबारे सरकारलाई ध्यानाकर्षण गराएका छन् ।

बिहीबार प्रतिनिधिसभाको बैठकको विशेष समयमा बोल्दै सांसद खानले अख्तियार दुरुपयोग अनुसन्धान आयोग द्वारा गरिएको विकास विरोधी हस्तक्षेप र कुनै तहको सरकारद्वारा सार्वजनिक वा सरकारी जग्गामा संरचना बनाउन संघीय मन्त्री परिषदबाटै उपयोगको लागि निर्णय हुनु पर्ने आशयको निर्देशनको विषयमा सभामुख मार्फत् संसदको ध्यानाकर्षण गराएका हुन् ।

पूर्वमन्त्रीसमेत रहेका सांसदले भनेका छन्, 'स्थानीय सरकारले सार्वजनिक जग्गा पर्यो गर्ने विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई २०८१-३-१० मा पत्र लेखेको छ। सो पत्र बमोजिम प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सुशासन प्रवर्धन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखाले सबै मन्त्रालय र मातहतका कार्यालयहरूलाई २०८१-३-१४ मा पत्र पठाएको छ। सो पत्रमा "नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गामा स्थानीय तहहरू लगायत सरकारी निकायहरूले प्रचलित कानून अनुसार आओफ्नो नाउँमा भोगाधिकार कायम नगर्दै सार्वजनिक संरचना निर्माण गर्ने कार्यको प्रक्रियाहरू थालनी नगर्न/नगराउन तथा नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गाको उपयोग गर्ने प्रयोजनार्थ खरिद प्रक्रिया अगाडि बढाउनु पूर्व भूमि सम्बन्धी प्रचलित कानूनका अलावा अन्य नेपाल सरकारको प्रचलित कानूनको पूर्ण पालना गर्नु/गराउनु हुन" निर्देश दिइएको छ।'

सो निर्देश अनुसार स्थानीय तहले आफ्नो मातहत रहेको सरकारी वा सार्वजनिक जग्गामा कुनै विकास निर्माण कार्य गर्न पनि कार्यपालिकाको निर्णयले मात्रै नहुने, संघीय सरकारको मन्त्री परिषद्ले नै जग्गा उपयोग गर्ने निर्णय गरिदिनु पर्ने भनेर शहरी विकास मन्त्रालय मातहतका कार्यालयहरूले भन्दै आएका छन्।

यदि यस्तो हो भने देश भरिका ६,७४३ वडाले एक आर्थिक वर्षमा एउटा मात्रै वडा कार्यालय/सामुदायिक भवन/पार्क/बर्थिंग सेन्टर बनाउन संघीय मन्त्री परिषदबाट जग्गा उपयोग गर्न पाउने निर्णय गराउन थाल्ने हो भने ६७४३ निर्णय पास गर्नु पर्ने हुन्छ। 'के संघीय मन्त्रिपरिषद्ले यति फाइल अगाडि बढाएर निर्णय गर्न सक्छ ?' उनले प्रतिप्रश्न गर्दै भने, 'यो त सरासर संघीय सरकारले स्थानीय सरकारको अधिकार बलजफ्ती खोसेको र विकास निर्माण कार्य ठप्प गर्न खोजेको हो ।' यसर्थ यो निर्णय अविलम्ब सच्याएर स्थानीय सरकारले कार्यसमितिबाट निर्णय गरेर सार्वजनिक जग्गा सार्वजनिक संरचनाको उपयोगको लागि ल्याउन सक्ने व्यवस्था ल्याउनु पर्ने उनले माग गर्दै यस विषयमा नेपाल सरकारको ध्यानाकर्षण गराएका हुन् ।


## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**देवानगन्ज गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# उड्डयन प्राधिकरणका महानिर्देशक अधिकारीको बर्खास्तीको माग

काठमाडौं । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको असफलता र निर्माणमा भएको भ्रष्टाचारप्रति कडा असन्तोष व्यक्त गर्दै राष्ट्रिय एकता अभियानले आज संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पान्डेलाई ज्ञापन पत्र बुझाउँदै नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीलाई तत्काल बर्खास्त गर्न माग गरेको छ। अभियानले अधिकारीको नेतृत्वमा भएको अनियमितता र असक्षमताले देशको प्रतिष्ठित परियोजनालाई गम्भीर संकटमा पार्नुभएको बताएको छ। राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवको नेतृत्वमा आज मन्त्रालयमा बुझाइएको ज्ञापन पत्रमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणका क्रममा ठूला भ्रष्टाचार र प्रविधिक त्रुटिहरू भएको आरोप लगाइएको छ। विमानस्थल उद्घाटन भएको डेढ वर्ष बितिसक्दा पनि पूर्ण रूपमा संचालनमा आउन नसक्नुमा नागरिक उड्डयन प्राधिकरणको असक्षमता मुख्य कारक रहेको पत्रमा उल्लेख गरिएको छ।

ज्ञापन पत्रमा भनिएको छ, “प्रदीप अधिकारीको नेतृत्वमा नागरिक उड्डयन प्राधिकरणले आफ्नो जिम्मेवारी पूरा गर्न असफल भएको छ। यस असक्षमता र भ्रष्टाचारको परिणामस्वरूप पोखरा अन्तर्राष्ट्रिय विमानस्थल आजसम्म पनि अव्यवस्थित छ। यसले पर्यटन प्रवर्द्धन र आर्थिक विकासमा प्रत्यक्ष प्रभाव पारेको छ।“ पत्रमा विमानस्थल निर्माणको समयमा ठेकेदार कम्पनीहरूसँग मिली कमिशनको लागि गुणस्तरहीन सामग्री प्रयोग गरिएको, सुरक्षा मापदण्डहरूको अवमूल्यन गरिएको, र यी सबै अनियमितताहरूमा अधिकारीको प्रत्यक्ष संलग्नता रहेको ठहर गरिएको छ।

अभियानले ठोस मागहरू राख्दै प्रदीप अधिकारीलाई तुरुन्त बर्खास्त गर्न जोडदार माग गरेको छ। अधिकारीले ठूला प्रविधिक त्रुटिहरू बेवास्ता गर्दै भ्रष्टाचारमा लिप्त भएको आरोपसमेत लगाउँदै छानबिन प्रक्रिया पूरा नभएसम्म उनलाई कुनै पनि सरकारी पदमा राख्न प्रतिबन्ध लगाउन भनिएको छ।

ज्ञापन पत्रले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको व्यवस्थापनमा देखिएको ढिलाइ र अन्योलले सम्पूर्ण नेपाली जनताको गौरवमा आँच पुऱ्याएको भन्दै यसमा संलग्न सबैलाई कानुनी दायरामा ल्याउन स्वतन्त्र छानबिन टोली गठन गर्न माग गरेको छ। यस टोलीले विमानस्थल निर्माणका क्रममा भएका सम्पूर्ण त्रुटिहरूको विस्तृत अध्ययन गरी दोषीलाई कारबाहीको प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिएको छ।

अभियानले महानिर्देशक अधिकारीले संसदीय छानबिन उपसमितिको सार्वजनिक सुनुवाइबाट भाग्नुले उनको अपराधबोधलाई प्रमाणित गरेको बताउँदै उनले देखाएको असक्षमता र भ्रष्टाचारको परिणामस्वरूप उनलाई पदमा राखेर सम्मान गर्न नमिल्ने तर्क गरेको छ।

साथै, विमानस्थलको सफल संचालनका लागि नागरिक उड्डयन प्राधिकरणले स्पष्ट र ठोस कार्ययोजना सार्वजनिक गर्नुपर्ने माग गरिएको छ। ज्ञापन पत्रमा नागरिक उड्डयन प्राधिकरणको समग्र कार्यसम्पादनलाई सुधार गर्न आवश्यक स्रोत, साधन, र प्रविधिको पर्याप्त व्यवस्थापन गर्न सरकारलाई सुझाव दिइएको छ। विमानस्थलको भविष्यमा प्रभावकारी सञ्चालन सुनिश्चित गर्न आवश्यक कदम चाल्नुपर्ने माग गर्दै, राष्ट्रिय एकता अभियानले सरकारलाई यस विषयलाई अब नजरअन्दाज गरिए कडा आन्दोलनको चेतावनी समेत दिएको छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नेपालको पर्यटन प्रवर्द्धन र आर्थिक विकासमा महत्वपूर्ण परियोजना भएकोले, यसमा भएको ढिलाइ र भ्रष्टाचारको परिणामले सम्पूर्ण देशलाई असर पारिरहेको बताउँदै अभियानले आवश्यक सुधार नगरेसम्म आन्दोलनलाई तीव्र बनाउने दाबी गरेको छ।

# जननेता मदन भण्डारीको प्रतिमा अनावरण

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले जननेता मदन भण्डारीको अर्धकदको प्रतिमाको अनावरण गरेका छन् ।

ललितपुर, च्यासलस्थित एमालेको केन्द्रीय कार्यालयमा निर्माण गरिएको प्रतिमाको एमालेको सचिवालय बैठक अघि उक्त अनावरण भएको हो ।

अनावरण कार्यक्रममा पार्टीका शीर्ष नेताहरू सहभागी थिए । कलाकार लालकाजी लामाले उक्त प्रतिमा निर्माण गरेका हुन् ।



## टिआरसी विधेयक प्रमाणीकरण

काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेलले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगसम्बन्धी (टिआरसी) विधेयक प्रमाणीकरण गरेका छन् ।

राष्ट्रपति पौडेलले बिहीबार नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम उक्त विधेयक प्रमाणीकरण गरेका हुन् ।

संघीय संसद्का दुवै सदनको बैठकबाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष सो विधेयक पेस भएको थियो ।


## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**

सर्लाही, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**गौर नगरपालिका**

रौतहट, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**

धनुषा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**पिपरा गाउँपालिका**

महोत्तरी, मधेश प्रदेश



# तेस्रो जनआन्दोलनको विकल्प छैन : प्रभु साह



काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले नेपाली कांग्रेस र नेकपा (एमाले) को दुई दलीय अनैतिक गठबन्धनले मुलुक बर्बाद हुन लागेको टिप्पणी गरेका छन् ।

काठमाडौंको कमलादी स्थित प्रज्ञा प्रतिष्ठानमा आज (मंगलबार)देखी सुरु भएको आजपाको केन्द्रिय कमिटी बैठकलाई सम्बोधन गर्दै अध्यक्ष साहले दुई दलिय गठबन्धनको सरकारले भ्रष्टाचारीलाई संरक्षण गरेको आरोप लगाए ।

'बिचार, सिद्धान्त केही पनि नमिल्ने कांग्रेस र एमालेले गठबन्धन गरेका छन् । निर्वाचनमा दुई छुटाछुटै गठबन्धन गरेर जनतासंग मत मागेका थिए । अहिले त्यही दुई दल भ्रष्टाचारीलाई जोगाउँनका लागि गठबन्धन गरेका छन्' आजपा अध्यक्ष साहले भने, 'दुई दलका दुई नेताको स्वार्थका लागि बनेको यो गठबन्धन नभई ठगबन्धन हो । भ्रष्टाचारीलाई जोगाउँन मिलेका हुन् ।'

निर्वाचनमा छुटाछुटै गठबन्धन गरेर जनतासंग मत मागेका कांग्रेस र एमालेले गठबन्धन गरेपछि उनीहरुले मत फिर्ता गर्नुपर्ने तर्क साहको छ ।

'एउटा व्यापारीले पैसा लिएपछि समान दिन्छ । तर यिनीहरुले जुन कुरा दिन्छु भनेर मत मागे त्यसको विपरित काम गरेपछि के जनतासंग लिएको मत फिर्ता गर्नुपर्दैन् ?' साहले प्रश्न गरे ।

यो सरकारले दालभात मात्रै खाने गरेको बताएका प्रधानमन्त्री केपी शर्मा ओलीलाई इन्गित गर्दै साहले भने, 'यो सरकारले दालभात मात्रै खान्छ भन्नुहुन्छ प्रधानमन्त्रीज्यू, तर त्यो गिरी बन्धु टि-स्टेट, वाईडबडी, यतीओमनी, भुटानी काण्ड, बालमन्दिर, डेडिकेटेड र ट्रंक लाइनदेखी टेरामक्स लगायतका काण्डै काण्डले बदनाम सरकार र यि नेताहरु के दालभात मात्रै खाएका हुन त ? दालभात मात्रै खाएर मुलुक कंगाल बनेको हो प्रधानमन्त्री ज्यू ? अनि तपाईहरुले गरेको यस्ता भ्रष्टाचार र अनैतिक कार्यको विरोध गर्ने टुडिखेलका ति सोझा युवाहरु असभ्य भए, संस्कार भएन भन्ने । अनि के तपाईहरुले जुन देश लुटिराख्नु भएको छ त्यो सभ्य र संस्कारको काम हो ?'

कांग्रेस र एमालेले संविधान संशोधनका लागि दुई दलको गठबन्धन भएको बताउँदै आएका छन् । आजपा अध्यक्ष साहले आफैले बनाएको संविधान कार्यान्वयन नहुँदै संशोधनको कुरा गर्नुभन्दा पहिला नेपाली जनतासंग माफी माग्नुपर्ने बताए । आफैले उत्कृष्ठ संविधान बनाएको भन्दै गर्भ गर्ने नेताहरुले अहिले आएर संशोधन गर्ने भन्नु भन्दा पहिला माफी माग्नुपर्ने बताउँदै यस्ता संविधान खारेज गर्नुपर्ने उनले बताए ।

मुलुकमा सरकारको मनोमानी बढेको बताउँदै उनले कर, महंगीले नेपाली जनता आजित भएको बताए । 'हरेक बस्तुमा मनलाग्दी कर सरकारले लिईरहेको छ । हरेक बस्तुको महंगी बढदै गईरहेको छ । घर चलाउँन धौधौ भईरहेको छ । जनता लुटने यि नेताले अहिले लुटतन्त्र मचाएका छन् । यसरी मुलुक समृद्ध हुनसक्दैन्' साहले भने, 'नेपाली नागरिकत्ता त्यागेर विदेश बसेकाको सम्पती कहाँ छ ? कति छ सरकारले भन्नु पर्यो । लुटेरा नेताहरुले देश चलाएपछि भ्रष्टाचार बढेको हो । अब आम जनताले नै भ्रष्टाचारीलाई जनकारवाही गर्ने समय आएको छ । त्यसैले हामीले दलाल दलतन्त्र, लुटतन्त्र, बेथिती, भ्रष्टाचारको बिरुद्धमा र आम जनताको शासन व्यवस्थामा सहभागिताका लागि तेस्रो जनआन्दोलनको उदघोष गरेका छौं ।'

दुई दिनसम्म चल्ने बैठकमा तेस्रो जनआन्दोलनको राणनीति तय गर्ने बारेमा गम्भिर छलफल हुदैछ । दलाल दलतन्त्रको विरुद्धमा र आम जनताको शासन व्यवस्थामा सहभागिताका लागि तेस्रो जनआन्दोलनको आह्वान गरेका आजपा अध्यक्ष साहले त्यसबारेमा अगामी कार्ययोजना समेत बैठकमा पेश गर्दैछन् ।

आजपा महासचिव त्रिभुवन साहले अब हुने तेस्रो जनआन्दोलनबाट आम जनताको शासन व्यवस्थामा सहभागिताको सुनिश्चित हुने बताए ।

बैठकले अब हुने आन्दोलन शसक्त र कडा बनाउँने योजना सहित अगाडी बढने बताए । बैठकमा सोही बिषय केन्द्रीत विषयमा गम्भिर छलफल हुने उनले बताए ।

बैठकमा आजपाले विगतका दिनमा गरेको बिभिन्न आन्दोलनको बारेमा समिक्षा पनि हुनेछ । आजपा महासचिव साहका अनुसार भन्सार, भ्रष्टाचार, वैदेशिक रोजगार, वैंकिङ ठगी तथा कवाड लगायतका आन्दोलनका बारेमा बैठकमा समिक्षा हुने एजेण्डा तय भएको छ । साथै यि आन्दोलनलाई अझै कसरी सशक्त बनाउँने र अगामी दिनमा कसरी अगाडी बढाउँने बारेमा समेत छलफल र योजनाको बनाउँने काम हुनेछ ।

यसैगरी शिक्षक दरबन्दीका लागि मधेसमा जारी आन्दोलनलाई अझै शसक्त बनाउँने र आम शैक्षिक हडताल (आम शैक्षिक आन्दोलन) बारे समेत निर्णय हुनेछ । आजपा प्रवक्ता चन्द्रभुषण साहले विद्यार्थी अनुपातमा मधेसमा शिक्षकको व्यवस्था सरकारले गराउँन सकेको छैन् । यस बारेमा सरकारलाई पटक पटक ध्यानाकर्षण गराउँदा समेत सरकारले वास्ता नगरेपछि बाध्य भएर आन्दोलनमा जानुपर्ने र त्यसबारेमा समेत बैठकले निर्णय गर्ने उनले बताए ।

तेस्रो जनआन्दोलनको बारेमा मात्रै नभई विगतको आन्दोलनको समिक्षा गर्दै अगाडी बढने बारेमा छलफल गर्दै पार्टी पदाधिकारी र केन्द्रीय सदस्यहरुको जिम्मेवारी समेत सोही अनुसार आन्दोलन केन्द्रीत कार्यविभाजन समेत हुने आजपा स्थायी कमिटीका सदस्य रविन्द्र सिंहले बताए । नेताहरुलाई आन्दोलनको बिभिन्न जिम्मेवारी तोकेरै परिचालन गर्ने योजना रहेको छ । आन्दोलन केन्द्रीत नेताहरुको कार्यविभाजन गर्दै शसक्त रुपमा अगाडी बढने उनले बताए ।

## भ्रष्ट सरकारको विरुद्धमा सडक आन्दोलनको आवश्यकता : आजपा



काठमाडौं । लूटकारी दलाल दलतन्त्रको विरुद्धमा र आम जनताको शासन सत्तामा सहभागिताका लागि तेस्रो जनआन्दोलनको उदघोष सहित आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले पेश गरेको राजनीतिक प्रतिबेदनमा चर्काचर्की बहस भइरहेको छ ।

बुधबार दोस्रो दिन केन्द्रीय सदस्यहरुले आफ्नो धारणा राखेका छन् । मंगलबारदेखी काठमाडौंको कमलादी स्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा आजपा केन्द्रिय कमिटीको बैठक सुरु भएको हो ।

बैठकमा आजपा स्थायी कमिटीका सदस्य रन्जु साहले बैठकमा पेश गरिएको प्रतिबेदन देश र जनताका लागी भएको बताउदै त्यसलाई कार्यान्वयन गर्नुपर्ने बताइन् ।

राजनीतिक प्रतिबेदन सहि भएको भएपनि त्यसमा महिला हिंसाको बिषय नसमेटिएको बताउदै साहले देश तथा बिदेशमा समेत भइरहेका घटनाको विरुद्धमा संघर्षका कार्यक्रम पार्टीले ल्याउनु पर्ने सुझाव दिइन ।

यस्तै आजपाका नेता एंव मजदुर नेता धनकुमारी मगरले मजदुरका समस्या बर्तमान सरकारले समाधान गर्न नसकेको बताउदै मजदुरको हकहितका लागि संघर्षका कार्यक्रम सहित पार्टी अगाडी बढनुपर्ने सुझाव दिइन ।

बैठकमा आजपा नेता एंव कबाड ब्यवसायी संघका अध्यक्ष संजय साहले काठमाडौं महानगरले कबाड ब्यवसायीलाई दिईरहेको दुख एंव हर्कतका विरुद्ध कडा आन्दोलनको आवश्यकता रहेको बताए ।

बैठकमा आजपाका स्थायी कमिटीका सदस्य एंव मुस्लिम मोर्चाका अध्यक्ष लालबाबु मंसुरले नेपालमा मुस्लिम बिश्व बिधालय स्थापनाका लागि संघर्षमा उत्रिनु पर्ने आवश्यकता रहेको बताए ।

यसैगरी बैठकमा आम महिला मोर्चाका अध्यक्ष एंव महिला नेतृ बबिता साहले महिलाहरुलाई राज्यको हरेक अंगमा ५१ प्रतिशत सहभागी हुनुपर्ने माग गरिन । जनसंख्याको आधारमा महिलाको सहभागिता सन्तोषजनक नभएको बताउदै उनले हरेक आन्दोलन एंव परिवर्तनमा माहिलाको सहभागिता भएपनी राज्यको विभिन्न निकायमा सहभागिता नभएको बताइन् ।

बैठकमा आजपा नेता प्रशान्त तिमिल्सिनाले बर्तमान सरकार लुटकारी र भ्रष्ट चरीत्रको भएको बताउदै त्यसका विरुद्धमा छिटोभन्दा छिटो आन्दोलन घोषणा गर्नुपर्ने सुझाव दिए ।

बैठकमा आजपा नेता देबि पण्डित, उमेश कुशवाहा, सुनिता साह, नवीन महतो, चन्दन साह, नरेश तुराहा, प्रदीप साह, रबिन्द्र सिंह, सागर पाण्डे, भानु कोईराला, केबि रावत, लखिन्द्र साह, महम्मद आरिफ, राजेश शर्मा, बिरबल महतो, रामसागर महासेठ, रमेश थपलिया, रुपबहादुर पार्खिन, शिव थापा लगायतका नेताले भ्रष्टाचार, बेथिति, कुशासनको विरुद्ध आन्दोलनको विकल्प नभएको बताएको आजपा महासचिव त्रिभुवन साहले बताए ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

राष्ट्रिय साप्ताहिक मधेशवाणी



## विश्व परिवेश

# विश्व आर्थिक शक्ति रूपमा आफ्नो स्थानलाई निरन्तर मजबुत बनाउँदै भारत

भारतको आर्थिक शक्ति वैश्विक स्तरमा चम्किरहेको छ, र देश २०२४ मा सबैभन्दा तेजीले बढ्दै गरेको प्रमुख अर्थतन्त्रको रूपमा आफ्नो स्थिति कायम राख्न तयार छ।

प्रधानमन्त्री नरेंद्र मोदीले यस हप्ता यस उपलब्धिलाई मनाएका छन्, अन्तर्राष्ट्रिय मुद्रा कोषद्वारा प्रक्षिप्त ७% वास्तविक जीडीपी वृद्धिको दरलाई उजागर गर्दै। यो वृद्धि भारतको विश्वका प्रमुख अर्थतन्त्रहरूमा नेतृत्वलाई दृढ पार्दछ र अमेरिकी र चिनी अर्थतन्त्रलाई परास्त गर्दै भारतको आर्थिक यात्रामा महत्वपूर्ण उपलब्धि चिन्हित गर्दछ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको जुलाई २०२४ को विश्व आर्थिक दृष्टिकोण अद्यावधिकलाई वैश्विक अर्थशास्त्रज्ञहरू र नीतिकारहरूले व्यापक आर्थिक प्रवृत्तिहरूको सूचकको रूपमा नजिकबाट हेरिन्छ। रिपोर्टले भारतलाई १० प्रमुख अर्थतन्त्रहरूको सूचीमा शीर्ष स्थानमा राख्छ, २०२४ को लागि ७% वास्तविक जीडीपी वृद्धिको दरको भविष्यवाणी गर्दै। यसको तुलना गर्दा, अमेरिकी र चिनी अर्थतन्त्रहरू क्रमश: २.६% र ५% वृद्धिको अपेक्षा गरिएको छ।

यो मजबुत वृद्धि भारतको हालको वर्षहरूको बलियो आर्थिक प्रदर्शनलाई पछ्याउँछ। २०२२ र २०२३ मा पनि, भारतले प्रमुख अर्थतन्त्रहरूमा जीडीपी वृद्धिमा विश्वको नेतृत्व गरेको छ, अमेरिकी र चिनी अर्थतन्त्रलाई पछाडि पार्दै। यो लगातार वृद्धि भारतको वैश्विक आर्थिक चुनौतीहरूको सामनामा प्रतिरोध र रणनीतिक आर्थिक नीति दृष्टिकोणको प्रमाण हो।

प्रधानमन्त्री मोदीले मंगलबार (अगस्त २७, २०२४) सामाजिक मिडिया प्लेटफर्म अक्समा भारतको आर्थिक उपलब्धिहरूमा गर्व व्यक्त गरे। पीएमओ भारत खाता द्वारा साझा गरिएको छ, "संसारका शीर्ष दस तेजीले बढ्दै गरेका प्रमुख अर्थतन्त्रहरू २०२४: भारतले यू.एस., चीनलाई सूचीमा हरायो!" यो घोषणा व्यापक प्रशंसा प्राप्त भएको छ, घरेलु र अन्तर्राष्ट्रिय रूपमा, भारतलाई विश्वको आर्थिक शक्ति बनाउँछ। अन्तर्राष्ट्रिय मुद्रा कोष को प्रक्षिप्तिहरूको अतिरिक्त, विश्व बैंकको जुन २०२४ को वैश्विक आर्थिक दृष्टिकोण रिपोर्टले पनि भारतको बलियो आर्थिक स्थिति पुष्टि गर्दछ। रिपोर्टले भारतलाई विश्वका प्रमुख अर्थतन्त्रहरूमा तेजीले बढ्दै गरेको रूपमा रहने कुरा पुष्टि गर्दछ, जबकि यसको वृद्धि दर केही हदसम्म भविष्यवाणी गरिएको छ। विश्व बैंकले आर्थिक वर्ष २५ को लागि भारतको जीडीपी वृद्धि पूर्वानुमान ६.६% मा कायम राखेको छ, अन्तर्राष्ट्रिय मुद्रा कोष द्वारा वर्तमान वर्षको लागि ७% को तुलना गर्दै थोरै घटाइएको छ।

विश्व बैंकले यस मन्दीलाई उच्च आधारबाट लगानी वृद्धिको मन्दीमा जनाउँदैछ, तर भारतमा लगानी अझै पनि बलियो रहेको छ। बलियो सार्वजनिक लगानी, निजी लगानीको वृद्धि सहित, देशको आर्थिक गतिशीलता सञ्जाल बनाउँदैछ। रिपोर्टले आर्थिक वर्ष २५ को तीन वित्तीय वर्षहरूमा भारतको वार्षिक औसत वृद्धि दर ६.७% को भविष्यवाणी गर्दछ, जसले आर्थिक विस्तारको निरंतर अवधि संकेत गर्दछ। हालका वर्षहरूमा भारतको आर्थिक वृद्धि उद्योग र सेवाका क्षेत्रहरूद्वारा समर्थन गरिएको छ, जसले कृषि उत्पादनका चुनौतीहरूलाई समेट्न महत्वपूर्ण भूमिका खेलेको छ। विश्व बैंकले नोट गरेको छ कि भारतमा घरेलु माग बलियो रहेको छ, महत्वपूर्ण पूर्वाधार लगानीहरूले समर्थन गरेको छ, जबकि महामारी पछिको खपतको वृद्धि अब थामिएको छ।

भारतको आर्थिक सफलता स्थिर मौद्रिक वातावरणमा पनि प्रतिबिम्बित छ। देशको मुद्रास्फीति रिजर्भ बैंक अफ भारतको २-६% लक्ष्य दायरा भित्र रहँदै आएको छ, जसले आर्थिक वृद्धि जारी राख्न अनुकूल वातावरण प्रदान गरेको छ। रिजर्भ बैंक अफ भारतले हालैको मौद्रिक नीति घोषणा गरेको छ, आर्थिक वर्ष २५ को लागि जीडीपी वृद्धि ७.२% को भविष्यवाणी गरेको छ, पहिलेको पूर्वानुमानभन्दा थोरै उच्च। यो आशावादी दृष्टिकोण बलियो आर्थिक संकेतहरूले समर्थन गरिएको छ, २०२४ को जनवरी-मार्च तिमाहीमा भारतको जीडीपी वृद्धि ७.८% पुगेको छ, अपेक्षाहरूलाई पार गर्दै। यद्यपि यो अघिल्लो तिमाहीको ८.४% वृद्धिको घटिरहेको छ, यो अझै पनि आर्थिक वर्षको बलियो समापनलाई प्रतिनिधित्व गर्दछ, २०२३-२४ को समग्र जीडीपी वृद्धि ८.२% मा संशोधित गरिएको छ।

वित्तीय मोर्चामा, भारतले जीडीपीको सन्दर्भमा आफ्नो वित्तीय घाटालाई घटाउन महत्वपूर्ण प्रगति गरेको छ, कर आधारको वृद्धि मार्फत। विश्व बैंकको रिपोर्टले अन्य दक्षिण एशियाली देशहरूको वित्तीय स्वास्थ्यमा सुधारहरूको पनि नोट गरेको छ, यद्यपि यी सुधारहरूको परिमाण भारतको तुलनामा सानो छ।

सकारात्मक दृष्टिकोणको बाबजुत, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक दुवैले चेतावनी दिएका छन् कि भारतले अन्य विश्व अर्थतन्त्रहरू जस्तै विभिन्न चुनौतीहरूको सामना गर्दैछ। विश्व बैंकको रिपोर्टले सम्भावित डाउनसाइड जोखिमहरूलाई प्रमुख कमोडिटी बजारमा विघटन, आकस्मिक वित्तीय संकुचन, वित्तीय अस्थिरता, र जलवायु परिवर्तनका प्रभावहरूलाई समेटेको छ। थप रूपमा, चिनी र युरोप जस्ता प्रमुख क्षेत्रहरूमा अपेक्षाभन्दा कम वृद्धि भारतको अर्थतन्त्रको लागि चुनौती हुन सक्छ।

तर, भारतको आर्थिक प्रतिरोध र रणनीतिक नीति उपायहरूले देशलाई यी चुनौतीहरूलाई प्रभावकारी रूपमा पार गर्न सक्षम बनाएको छ। विश्व बैंकको वैश्विक वृद्धि पूर्वानुमान ऐतिहासिक मानकहरूद्वारा मन्द रहेको छ, २०२४-२५ का लागि २.६% को वृद्धि अनुमान गरिएको छ, पूर्वानुमानभन्दा थोरै उच्च। यी वैश्विक चुनौतीहरूका बाबजुत, भारतको बलियो घरेलु आधारहरू यसको वृद्धि रेखालाई कायम राख्न अपेक्षित छन्। भारतको निरन्तर आर्थिक सफलता केवल देशको लागि मात्र होइन, दक्षिण एशिया क्षेत्र र वैश्विक अर्थतन्त्रको लागि पनि महत्त्वपूर्ण छ। दक्षिण एशियामा सबैभन्दा ठूलो अर्थतन्त्रको रूपमा, भारत क्षेत्रीय वृद्धि ड्राइविङमा महत्वपूर्ण भूमिका खेल्छ, विशेष गरी यसको गतिशील निर्माण र सेवाहरूका क्षेत्रहरू मार्फत।

विश्व बैंकको रिपोर्टले नोट गरेको छ कि भारतमा स्थिर वृद्धि अपेक्षित छ, जसले दक्षिण एशियाको समग्र वृद्धि दर २०२५-२६ मा ६.२% कायम राख्नेछ, पछिल्लो वर्षहरूको उच्च वृद्धि दरको मन्दीको बाबजुत। क्षेत्रका अन्य अर्थतन्त्रहरू, जस्तै बांग्लादेश, पनि बलियो वृद्धि कायम राख्ने अपेक्षामा छन्, यद्यपि थोरै धीमा गति मा। पाकिस्तान र श्रीलङ्का जस्ता अर्थतन्त्रहरूले चुनौतीहरूको बाबजुत बलियो आर्थिक गतिविधि देखाउने अपेक्षा गरिएको छ।

भारतको आर्थिक वृद्धि नेतृत्वले विश्व आर्थिक मञ्चहरूमा पनि यसको भूमिका बलियो बनाएको छ, जहाँ यसले दिगो विकास र वैश्विक सहकार्यलाई समर्थन गर्ने नीतिहरूको वकालत जारी राख्छ। विश्व बैंकले व्यापार विखंडन, जलवायु-सम्बन्धी जोखिमहरू, र हरित र डिजिटल संक्रमणको आवश्यकता जस्ता साझा चुनौतीहरूलाई सम्बोधन गर्न वैश्विक सहकार्यको आवश्यकता भएको कुरामा जोड दिएको छ। यी छलफलहरूमा भारतको सक्रिय भागीदारी वैश्विक अर्थतन्त्रलाई समावेशी वृद्धि र स्थिरता तर्फको मार्गमा राख्न महत्त्वपूर्ण छ।

जसरी भारतले अन्य प्रमुख अर्थतन्त्रहरूको तुलना गर्दै वृद्धि जारी राख्दैछ, देशको आर्थिक रेखा प्रतिरोध, रणनीतिक नीति, र बलियो घरेलु मागको मोडलको रूपमा काम गर्दछ। स्थिर वृहद आर्थिक वातावरण र बलियो आधारहरूको साथ, भारत आगामी वर्षहरूमा आफ्नो वृद्धि गतिलाई कायम राख्न राम्रोसँग स्थित छ, यद्यपि वैश्विक आर्थिक अवस्थाहरू चुनौतीपूर्ण बनेका छन्।

प्रधानमन्त्री मोदीको भारतको आर्थिक उपलब्धिहरूको उत्सवले देशको भविष्यमा व्यापक आशावाद र आत्मविश्वासको भावना प्रकट गर्दछ। संसारको सबैभन्दा तेजीले बढ्दै गरेको प्रमुख अर्थतन्त्रको रूपमा, भारतको वैश्विक स्तरमा भूमिका पहिलेभन्दा बढी महत्त्वपूर्ण छ, र जटिल र आपसमा जडित विश्वमा आशा र स्थिरताको संकेत प्रदान गर्दछ।

*- इण्डिया न्यूज नेटवर्क*






## जिल्ला समाचार

### कांग्रेस र एमालेको सरकार २०८४ सालसम्म नै टिक्छ : परराष्ट्रमन्त्री राणा

कैलाली । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपाली कांग्रेस र नेकपा (एमाले)को सरकार २०८४ सालसम्म नै टिक्ने दाबी गरेकी छन् । धनगढीस्थित आफ्नै निवासमा नेपाल प्रेस युनियन कैलालीद्वारा आयोजित पत्रकार सम्मेलनमा परराष्ट्रमन्त्री राणाले देशलाई विकास र समृद्धिको मार्गमा डोऱ्याउन वर्तमान सरकार गठन भएको बताएकी हुन् । उनले बेथिति एवं सङ्कटको समाधान गरी देशलाई विकास र समृद्धिको मार्गमा डोऱ्याउन दुई ठूला प्रतिस्पर्धी पार्टी मिलेर सरकार गठन गर्नुपरेको स्पष्ट पारेकी छन् । स्थायी सरकारमार्फत विकासको लक्ष्यमा पुग्ने सङ्कल्प लिएर वर्तमान सरकार गठन भएको उनले स्पष्ट पारिन् । मन्त्री राणाले भनिन्, "दुई ठूला पार्टी मिलेर सरकार गठन गरेको भनेर कतिपयले अनौठो मानेका छन्, जब देशमा सङ्कट र बेथिति आउँछ, त्यतिबेला कांग्रेस र एमाले मिलेर सरकार गठन गरेर समस्या समाधान गरेको इतिहास छ ।" संविधान शान्तिको दस्तावेजका रुपमा लिइएकाले संविधानमा विविधता, समावेशिताजस्ता कुरामा परिवर्तन नहुने उनले बताइन् ।

### जसपा कपिलवस्तुको अध्यक्षमा खाा चयन

कपिलवस्तु । जनता समाजवादी कपिलवस्तुको अध्यक्ष ईरफान खाँ बनेका छन् । खाँको संयाजकत्वमा २१ सदस्यीय जिल्ला कार्य समिति सर्वसम्मतरुपमा घोषणा गरिएको छ । तौलिहवामा पार्टी कार्यकर्ताहरुको भेलामा पार्टीको लुम्बिनी प्रदेश अध्यक्ष महेन्द्र यादवको अध्यक्षता र पार्टीका महासचिव तथा पूर्वमन्त्री ईतिस्याक राईको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सो घोषणा गरिएको हो । समितको सदस्यहरुमा उदयभान यादव, कबुतारा कहार, सहाबुद्दीन मुसलमान, परशुराम यादव, ईन्द्रराम यादव, बुजराज चौधरी, बिजय सिंह चौहान, अब्दुल कलाम खाँ, सुनिता तेली र जगमोहन बरई रहेका छन् । यस्तै नसिम पठान, ज्ञानमति भर, नारायण चौधरी, साजन ठाकुर, रिजवान खाँ, बिनय चौबे, झगरु थारु, बिसाल यादव, हेम बहादुर असलमी मगर र बिन्देश्वरी यादव सदस्य रहेका छन् । सो अवसरमा सम्बोधन गर्दै महासचिव राईनले उपेन्द्र यादवको हैकमबादी र लोभीपापी मन भएका कारण बिगतमा पार्टी पटक पटक फुटदै आएको बताए । उनले उपेन्द्र यादव सत्ता बाहिर रहदा मात्र मधेसको हक अधिकार खोज्ने सत्तामा रहदा बिर्सने गरेको आरोप लगाए । उनले आफुहरु जनताको सशक्त आवाज उठाउन र नयाढंगले जानकालागि जसपाको गठन गरेको बताए । कार्यक्रममा पार्टीका केन्द्रिय सदस्य नविन सुनार, मनिकर कार्की, पुर्व मन्त्री भन्डारीलाल यादव लगायतको सहभागीता थियो ।

### रामगोपालपुर-२ का वडाध्यक्षको मृत्यु

जलेश्वर । महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिका-२ का वडाध्यक्ष मुकेशकुमार यादवको सवारी दुर्घटनामा परी मृत्यु भएको छ । रामगोपालपुर नगरपालिका-२ का वडाध्यक्ष यादवको मोटरसाइकल दुर्घटनामा आइतबार बिहान मृत्यु भएको हो । जलेश्वर-बर्दिबास सडकअन्तर्गत बर्दिबास नगरपालिका-८ स्थित कल्भर्टमा वडाध्यक्ष यादव चढेको लु प्र ०१-००१प ६३६२ नम्बरको मोटरसाइकल दुर्घटना भएको छ । वडाध्यक्ष यादवको शव कल्भर्टसँगै भेटिएको हो । वडाध्यक्ष यादव नेपाल कम्प्युनिष्ट पार्टी (माओवादी केन्द्र) बाट निर्वाचित भएका थिए ।

### बाँकेमा बस दुर्घटना हुँदा दुईको मृत्यु

नेपालगन्ज । जिल्लाको कोहलपुर सडकखण्डमा बस दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । दुर्घटनामा परी दाङ तुलसीपुरका ६० वर्षीय मानबहादुर ओली र तुलसीपुरकै २४ वर्षीय सन्तोष भुषालको मृत्यु भएको हो । मृतक ओली बसका यात्रु र भुषाल बसका सहचालक रहेको प्रहरीले जनाएको छ । दुर्घटनामा २७ जना घाइते भएका छन् । दाङको तुलसीपुरबाट नेपालगञ्ज आउँदै गरेको भे १ ख २१२८ नम्बरको बस दुर्घटनामा परेको हो ।

### साइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

सर्लाही । बरहथवा नगरपालिका-३ हजरियास्थित सडकमा साइकलको ठक्करबार पैदलयात्री सोही ठाउँ बस्ने ७१ वर्षीय राम चन्द्र महतोको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको नवजीवन अस्पताल बरहथवा हुँदै एलएस न्यूरो अस्पताल प्रसौनी बारामा थप उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले साइकल चालकलाई नियन्त्रणमा लिई दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## 'आन्दोलनकारी र मधेश सरकारबीचको सम्झौता स्वागतयोग्य, तर...'



काठमाडौं । सिरहा र धनुषा जोड्ने नयाँ कमला पुल निर्माणको लागि दबाब स्वरुप आमरण अनसन बसेका आन्दोलनकारी र मधेश प्रदेश सरकारबीच भएको सम्झौतालाई राष्ट्रिय मुक्ति क्रान्तिका नेता अनिल महासेठले स्वागतयोग्य भनेका छन् । सो सम्झौताको स्वागत गर्नुका साथै नेता महासेठले आशंका र प्रश्न पनि गरेका छन् ।

महासेठले सामाजिक सञ्जालमा भनेका छन्, 'के मधेश प्रदेश सरकारको तर्फबाट हस्ताक्षर मुख्यमन्त्रीले गर्नु पर्ने थियो कि मुख्यसचिवले वा अन्य कुनै सिनियर कर्मचारीले ? अलि बुझ्न सकिएन ? अनुमान गरौ केही दिन वा महिनामा यदि मुख्यमन्त्री परिवर्तन भयो भने ? आज को सम्झौता को जिम्मा कसले लिन्छ ?'

यदि मुख्यमन्त्री परिवर्तन भए सम्झौता अवस्था के हुने प्रश्न गर्दै महासेठले राजनीतिक कुरा भएको भए राजनीतिक नेतृत्व र बिकाशको कुरामा सरकारको कर्मचारीले सम्झौतामा हस्ताक्षर गर्नु उनको आशय थियो ।

'जिम्मेवार साथीहरुले अन्यथा नलिनु होला ! लोक रिझाइको लागि हो भने, मेरो भन्नू केही छैन ! म वा मेरो पार्टी को मुख्यमन्त्री अब छैन के गर्ने होला भनेर फेसबूक पेजमा लेख्न त सजिलो छ नि हजुर !' उनले भनेका छन् ।

# जनतालाई गुणस्तरीय, आत्मीयतापूर्ण र परोपकारी भावका साथ सेवा उपलब्ध गराउनुपर्ने : प्रधानमन्त्री ओली



काठमाडौं। प्रधानमन्त्री केपी शर्मा ओलीले नयाँ आधुनिक र सुविधा सम्पन्न कार्यालय भवन निर्माण गर्न सफल भएकोमा बधाई दिँदै यस कार्यालयबाट जनतालाई गुणस्तरीय, आत्मीयतापूर्ण र परोपकारी भावका साथ सेवा सुविधा उपलब्ध गराउनु पर्ने बताउनुभएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौं भद्रकालीको नवनिर्मित कार्यालय भवन तथा भौतिक पूर्वाधारहरूको उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले उक्त कुरा बताउनुभएको हो।

सो अवसरमा प्रधानमन्त्री ओलीले नेपाल प्रहरीको लामो इतिहास र अनुभव रहेको चर्चा गर्दै नेपाल प्रहरीले समाजमा शान्ति सुरक्षा तथा अमन चयन कायम गर्न एवम् अपराध अनुसन्धान तथा रोकथाममा निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको बताउनुभयो। आधुनिक प्रविधिको प्रयोग गर्दै आफ्ना कार्यहरू दक्षताका साथ सम्पन्न गर्न समेत नेपाल प्रहरी सक्षम रहेको उहाँले उल्लेख गर्नुभयो।

प्रधानमन्त्री ओलीले राज्यको शक्तिको दुरूपयोग गरेर निर्दोषलाई दोषी करार गर्ने जस्ता क्रियाकलापहरू आपराधिक क्रियाकलाप भएको बताउँदै संविधान र कानून बमोजिम नेपाल प्रहरी आफ्नो कर्तव्य पालना गर्न ढुक्क साथ आगाडि बढ्नुपर्ने बताउनुभयो। समाजमा अपराध हुन नदिन र आपराधिक मानसिकता फैलिन नदिन कसैले अपराध गराउन खोजेको छ भने त्यसलाई पहिलेनै पत्ता लगाएर नियन्त्रण एवम् अनुसन्धान गर्न धैरै महत्वपूर्ण भएको उल्लेख गर्दै अपराध रोकथाममा पुरानो तरिकाले मात्र नभई नयाँ कार्यशैलीको विकास गर्दै सुसज्जित बनाई अनुसन्धान भन्दा अगाडिको अनुसन्धान गर्न जरूरी रहेको उहाँले बताउनुभयो। समाजमा शान्ति सुरक्षा खलबलाउने एवम् देशलाई अझ अराजकता तर्फ लैजान खोज्ने विरूद्ध नेपाल प्रहरीले सतर्कता अपनाई काम गर्नुपर्ने बताउँदै आधुनिक प्रविधिको दुरूप्रयोगबाट हुने अपराध नियन्त्रणमा समेत अझ सक्रिय हुनुपर्ने उहाँले बताउनुभयो।

समारोहमा गृहमन्त्री रमेश लेखकले सरकारले नागरिकलाई सेवा प्रदान गर्ने क्रममा संविधान र कानूनको कार्यान्वयन गर्ने अंग मध्येको नेपाल प्रहरी प्रमुख अंग रहेको बताउँदै मुलुकमा प्रचलित कानून कार्यान्वयन एवम् नागरिकले प्राप्त गर्ने प्रहरी सेवामा नवनिर्मित भवनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो। मुलुकमा दिगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको लक्ष्यसम्म देशलाई पुऱ्याउनको लागि सरकार अगाडि बढेको चर्चा गर्दै सरकारले जनतालाई प्रदान गर्ने सेवामा कुनै किसिमको कमी कमजोरी नहोस् एवम् जनताले विधिको शासन तथा शान्ति सुव्यवस्थाको अनुभूतिका साथै सरकारको लक्ष्य एवम् उद्देश्य अनुरूप नेपाल प्रहरीले कार्य गर्नुपर्ने बताउनुभयो। नेपाल प्रहरीले सीमित स्रोतसाधनका वावजूद पनि उल्लेखनीय कार्य गर्दै आइरहेको चर्चा गर्दै जनताका मुद्दालाई प्राथमिकतामा राखेर उच्च मनोबलका साथ काम गर्न सबै प्रहरी कर्मचारीहरूलाई उहाँले अग्रह समेत गर्नुभयो।

सो अवसरमा गृहसचिव एकनारायण अर्यालले नवनिर्मित भवनबाट अझ प्रभावकारी सेवा प्रवाह हुने र सेवाग्राही लाभान्वित हुने अपेक्षा रहेको बताउनुभयो। नेपाल प्रहरीलाई समयानुकुल व्यवसायिक एवम् गतिशिल बनाउँदै लैजाने सरकारको नीति अनुरूप नवनिर्मित भवनलाई महत्वपूर्ण उपलब्धीको रूपमा लिएको बताउँदै यसले प्रहरी कर्मचारीको उत्प्रेरणा र मनोबलमात्र अभिवृद्धि नगरी नेपाल प्रहरीका काम कारवाहीलाई नागरिकमैत्री, व्यवसायिक एवम् परिष्कृत बनाउँदै सेवाग्राहीले समेत शान्ति सुरक्षा र अमन चयनको महसुस गरी प्रत्यक्ष रूपमा नागरिकलाई सहज, सुलभ र पारदर्शी सेवा दिनसक्ने विश्वास व्यक्त गर्नुभयो।

समारोहमा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले धन्यवाद ज्ञापन व्यक्त गर्दै नेपाल प्रहरी स्थापनकालदेखि नै समाजमा हुने हर तरहका अपराधका घटना रोकथाम, नियन्त्रण र अनुसन्धान एवम् शान्ति सुरक्षा कायम राख्ने सन्दर्भमा राज्यको प्रमुख अंगको रूपमा कार्यसम्पादन गर्दै आइरहेको बताउनुभयो। समाजको परिवर्तनको गति र नागरिकको चाहनालाई आत्मसाथ गर्दै प्रहरीको सेवा पनि थप जनमुखी, परिष्कृत, उत्तरदायी, सेवामुखी र सर्वस्वीकार्य बनाउन नेपाल प्रहरी प्रधान कार्यालय कटिवद्ध रहेको र समयसापेक्ष सांगठनिक विकास तथा प्रहरी सेवामा प्रभावकारीता वृद्धि गर्दै आन्तरिक सुदृढिकरण र शुद्धिकरण गर्ने उद्देश्य कार्यान्वयनलाई प्रमुख प्राथमिकतामा राखिएको उहाँले उल्लेख गर्नुभयो।

प्रहरी महानिरीक्षक कुँवरले प्रहरीको भौतिक संरचनाहरू व्यवस्थित र गुणस्तरीय हुँदा यसले कर्मचारीको स्वास्थ्य र मनोबलमा सकारात्मक प्रभाव पर्ने तथा स्वच्छ कार्यमैत्री वातावरण निर्माण भई आम नागरिकमा हुने सेवा प्रवाह थप गुणस्तरीय एवम् प्रभावकारी बनाउन सहयोग पुग्ने बताउनुभयो। नवनिर्मित सुविधा सम्पन्न भवनले राज्यको प्रमुख सुरक्षा निकायको दरिलो भौतिक उपस्थिति मात्र होइन, नेपाल प्रहरीका काम कारवाहीलाई थप नागरिकमैत्री एवम् परिष्कृत बनाउन समेत महत्वपूर्ण भूमिका निर्वाह हुने विश्वास उहाँले व्यक्त गर्नुभयो। नयाँ भवनबाट सम्पादन हुने प्रहरी सेवा प्रवाह पनि थप उर्जामय, नागरिकमैत्री, नविन सोंच र उच्चस्तरको हुनुपर्ने र सम्पादन हुने कार्यशैलीले सेवा प्रवाहमा स्तरवृद्धिको सांगठनिक प्रतिबिम्बित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रहरी नायव महानिरीक्षक कृष्णहरि शर्माले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा प्रहरी वरिष्ठ उपरीक्षक ई. राम कुमार चौधरीले भवन निर्माण सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। नेपाल सरकारको नियमित बजेटबाट कुल १ अर्ब २६ करोड ७४ लाख ९६ हजार ९९ रूपैयाँ ८१ पैसाको लागतमा उक्त भवनहरू निर्माण कार्य सम्पन्न भएको हो।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका मुख्य सल्लाहकार विष्णु प्रसाद रिमाल, आर्थिक/ विकास सल्लाहकार युवराज खतिवडा, महान्यायाधिवक्ता रमेश वडाल, प्रतिनिधि सभा सदस्य, नेपाल सरकारका पूर्व मन्त्री एवम् अवकाश प्राप्त प्रहरी महानिरीक्षक ध्रुब बहादुर प्रधान, मुख्य सचिव लिलादेवी गड्तौला, कायममुकायम प्रधानसेनापति अशोकराज सिग्देल, प्रधानमन्त्रीज्यूको प्रमुख स्वकीय सचिव, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका आयुक्त, सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख, अवकाश प्राप्त प्रहरी महानिरीक्षकहरू, प्रहरी अतिरिक्त महानिरीक्षकहरू, सहसचिवहरू, जिल्ला न्यायाधिश, काठमाडौंका प्रमुख जिल्ला अधिकारी, जिल्ला न्यायाधिवक्ता, प्रहरी नायव महानिरीक्षकहरू, वरिष्ठ प्रहरी अधिकृतहरू, संचारकर्मीहरू एवम् प्रहरी अधिकृत तथा जवानहरूको उपस्थिति रहेको थियो।

## आर्थिक समाचार

### ग्लोबल आइएमइका ग्राहकलाई के-ल्याबमा छुट

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेडको डेबिट तथा क्रेडिट कार्डबाहक र मोबाईल बैंकिङ्ग प्रयोगकर्ताहरुलाई क्राउन ल्याब्रोटोरी एण्ड रिफर्रल सेन्टर (के-ल्याब) मा ल्याब सम्बन्धी सेवाको शुल्कमा २५ प्रतिशत छुट प्रदान गर्ने समझदारी भएको छ। उक्त समझदारीमा ग्लोबल आइएमई बैंकका बागमती प्रदेश प्रमुख रुपेन्द्र वाग्ले र क्राउन ल्याब्रोटोरी एण्ड रिफर्रल सेन्टरका प्रशासनिक निर्देशक कान्ती थापाले हस्ताक्षर गर्नुभएको छ। समझदारी अनुसार बैंकको ग्राहकहरुले क्राउन ल्याब्रोटोरी एण्ड रिफर्रल सेन्टर (के-ल्याब), नक्साल र बौद्धमा उपलब्ध ल्याबसम्बन्धी सेवा वापतको भुक्तानीको लागि बैंकको डेबिट तथा क्रेडिट कार्ड र मोबाईल बैंकिङ्ग प्रयोग गर्दा २५ प्रतिशत छुट पाउनुहुनेछ। ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न संघ-संस्थाहरुसँग समन्वय गरी यस्ता किसिमका योजनाहरु ल्याएर ग्राहकहरुलाई प्रत्यक्षरुपमा लाभान्वित गर्दै आएको छ।

### नेपाल लाइफद्वारा चेतनामुलक भिडियो सार्वजनिक

नेपालको सर्वाधिक विश्वासिलो जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले बीमितहरुले आफुले लिएका बीमालेखहरुको निरन्तरताको लागि प्रोत्साहन गर्ने र बीमालेखको सरेन्डरलाई निरुत्साहित गर्ने अभिप्रायका साथ अत्यन्तै मर्मस्पर्शी एवम् जनचेतनामूलक भिडियो सामाग्री सार्वजनिक गरेको छ। "किनकी जीवन अमुल्य" छ भन्ने मुल नारालाई आत्मसाथ गर्दै करिब २३ वर्ष देखी नेपालीहरुको घर दैलोमा जीवन बीमा सम्बन्धि सम्पूर्ण सेवा प्रवाह गर्दै आएको नेपालको सर्वाधिक विश्वासिलो जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले जस्तोसुकै परिस्थिति आएपनी बीमालेख सरेन्डर गर्नु हुदैन भन्ने सन्देश दिनको लागि यो भिडियो बनाएको हो। भिडियोमा जीवन र जीवन बीमा योजनालाई ख्याल-ख्यालमै लिँदा भोलि आइपर्न सक्ने अकल्पनीय दुर्घटनाको कारण एउटा सम्पन्न र सुखी परिवार पनि कसरी आर्थिक अभावको पिडाबाट गुज्रिनुपर्छ भन्ने कुरा देखाइएको छ। मुख्य पात्रको भुमिकालाई अलि पृथक तरिकाले प्रस्तुत गरिएको यस भिडियोमा उनको मनको व्यथालाई संगीत मार्फत व्यक्त गरिएको छ। काल्पनिक भिडियोमा देखाइएको जस्तो अवस्था कसैको पनि वास्तविक जीवनमा नआओस् भन्ने कामना सहित नेपाल लाइफले जीवन बीमा गरेर सुरक्षित, सुनिश्चित अनि सुनौलो भविष्यको बाटो हिंड्न तथा जीवन बीमा योजनालाई बिचमै सरेन्डर गरी अनिश्चितताको बाटो नहिंड्न समेत विशेष आग्रह गरेको छ।


**सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं**

- सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालमा आउने झुठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
- विश्वसनीय स्रोतबाट प्राप्त जानकारीलाई मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
- सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
- सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखा पर्न सक्छ, सतर्क रहौं।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**


## मातृ तथा शिशु मृत्यूदर घटाउन नमुना कार्यक्रम आवश्यक

काठमाडौं। मातृ तथा शिशु मृत्युदर सोचे अनुसार घट्न नसके भन्दै सरोकारवालाहरुले चिन्ता ब्यक्त गरेका छन्।

राष्ट्रिय सभाको विकास, आर्थिक मामिला तथा सुशासन समिति अर्न्तगत दिगो विकास उपसमितिले अयोजना गरेको छलफल कार्यक्रममा मातृशिशु मृत्युदर घटाउन नेपाली समाज र चेतना अनुसारका नमुना कार्यक्रम सञ्चालन गर्न आवश्यक भएको कुरामा जोड दिएका हुन्।

अहिले जनचेतनाको अभाव, कमजोर आर्थिक अवस्था र भौगोलिक विकटताका कारण मातृ मृत्युदर तथा नजजात शिशु मृत्युदरको तथ्याङ्क डरलाग्दो रहेको हुँदा यसलाई घटाउन नमुना खालका कार्यक्रम सञ्चालन गर्न सक्ने हो भने यो दरलाई दोहोर अंक हुँदै एकल अंकमा घटाउँन सक्ने धारणा सरोकारवालाहरुको थियो। सरोकारवालाले मातृ मृत्युदर तथा नजजात शिशु मृत्युदरलाई दोहोरो अंक हुँदै एकल अंकमा झार्ने गरी योजना बनाएर अघि बढ्नुपर्नेमा जोड दिएका थिए। यस अघिको तथ्याङ्मा नेपालमा प्रत्येक एक लाख जीवित जन्ममा मातृ मृत्युदर २ सय ५८ रहेको थियो। त्यसलाई सन् २०३० सम्ममा घटाएर ७० मा झार्ने लक्ष्य लिइएको छ। त्यस्तै पाँच वर्षमुनिका बाल मृत्युदर नेपालमा ३९ रहेको छ। त्यसलाई पनि २० मा झार्ने लक्ष्य लिइएको छ। करिब ५० प्रतिशत स्थानिय तहले मातृमृत्युदर शुन्यमा झार्ने प्रयास गरिरहेकोले त्यसलाई सबै स्थानिय तहमा लैजान पनि उनीहरुको जोड थियो।

छलफलमा बोल्दै राष्ट्रिय सभाका उपाध्यक्ष विमला घिमिरेले समातृ मृत्युदर तथा नजजात शिशु मृत्युदर अहिले राज्यका लागि समेत चुनौती बनेको भन्दै केन्द्र, प्रदेश र स्थानीय तहको एकमुष्ट पहलमा घटाउनेतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो। उहाँले मुख्य गरेर स्थानीय तहले स्वयंसेविकाहरुलाई थप सेवा-सुविधा दिएर परिचालन गर्न सकेको अवस्थामा प्रभावकारी कार्यान्वयन गरेर अघि बढ्न सहयोग पुग्ने बताउनुभयो।





पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस्।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं